# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक प्रशासन शाखा, मध्यविन्दु नगरपालिका

## आर्थिक वर्ष ०८१/८२

१. पृष्ठभूमि

नगरपालिकामा हुने सम्पूर्ण आर्थिक कारोबारहरुको स्पष्ट लेखाङ्कन गर्नु, सोसँग सम्बन्धित कागजातहरुको सुरक्षण तथा संरक्षण गर्नु र आर्थिक कारोबारको एकिकृत प्रतिवेदन तयार गरि लेखापरिक्षण गराउनु आर्थिक प्रशासन शाखाको प्रमुख कार्य जिम्मेवारी हो। आर्थिक प्रशासन शाखाले आफ्नो जिम्मेवारी निर्वाह तथा कार्य सम्पादन गर्ने क्रममा आर्थिक प्रशासन सम्बन्धी कानून, नीति तथा मापदण्डको कार्यान्वयन र नियमन गर्नु पर्ने हुन्छ। नगरपालिकाको बजेटको सिमा निर्धारण तथा बजेट तयारीमा आर्थिक प्रशासन शाखाले प्राविधिक रुपमा प्रमुख भुमिका निर्वाह गर्नुपर्ने हुन्छ भने नगरपालिकाको ऋण र अनुदान तथा लगानी र लाभाशंको व्यवस्थापन सम्बन्धी संस्थागत विवरण राख्ने जिम्मेवारी पनि शाखाको नै हुन्छ। नगरपालिकामा प्राप्त हुने आय तथा कारोबारबाट हुने खर्चको प्रवृत्ति, चालु र पुँजिगत बजेटको विनियोजन र खर्चको प्रवृत्ति, विषय क्षेत्रअनुसारको विनियोजन र खर्चको प्रवृत्ति, विगतका विनियोजनमा प्राथमिकता प्राप्त गरिरहेको क्षेत्रहरु लगायतका विषयहरुमा विश्लेषण गरि नगरको समष्टिगत आर्थिक अवस्थाको बारेमा नेतृत्वलाई जानकारी गराउनुमा पनि आर्थिक प्रशासन शाखा जिम्मेवार रहन्छ।

यसरी, शाखागत कार्य सम्पादन गर्ने क्रममा खर्चको लेखाङ्कन गर्नु नै आर्थिक प्रशासन शाखाको प्रमुख कार्य हुने हुनाले नगरपालिकाका अन्य शाखा, वडाहरु, उपभोक्ता समिति/टोल विकास संस्थाहरु, निर्माण व्यवसायीहरु तथा आपूर्तिकर्ताहरु लगायतबाट गरिएका काम कारबाहीहरुमा खर्च भएको रकमको नियमानुसार भुक्तानी गर्ने जिम्मेवारीमा नै शाखाको अधिकतम समय व्यतित हुने गर्दछ।

आर्थिक वर्ष २०८१/८२ मा भएको बजेट विनियोजन, यथार्थ आय र खर्चलाई प्रमुख आधार बनाएर यो प्रगति समिक्षा प्रतिवेदन तयार गरिएको छ।

२. वार्षिक कार्यक्रमका उद्देश्य

आर्थिक प्रशासन शाखाको सम्पूर्ण काम कारबाहीको प्रकृति आर्थिक कारोबारसँग सम्बन्धित हुने भएकोले नगरपालिकामा वित्तीय अनुशासन कायम गर्नु शाखाको प्रमुख उद्धेश्य

रहन्छ। प्रमुख उद्धेश्य प्रासिको लागि शाखाले आफ्नो दैनिक काम कारबाहिमा तपसिलबमोजिमका कार्यहरु गर्नुपर्ने हुन्छ।

- आर्थिक कारोबारहरु प्रचलित नीति, कानून तथा मापदण्डको आधारमा भएको सुनिश्चित गर्नु,
- आर्थिक कारोबारको निर्णयमा नेतृत्वलाई तथ्यमा आधारित विश्लेषणात्मक र सुझवुझपूर्ण सुझाव पेश गर्दै संस्थागत सुशासन कायम गर्नमा भूमिका निर्वाह गर्नु
- आर्थिक कारोबारहरुमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यताको विद्यमानता सुनिश्चित गर्नु,
- वित्तीय जोखिमलाई न्यूनिकरण गर्न भुमिका निर्वाह गर्नु,

३. शाखासंग सम्बन्धित कानूनहरु (ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यान्वयन पुस्तिका, मापदण्ड आदि)

आर्थिक प्रशासन शाखाले आफ्नो दैनिक कार्यसम्पादनको सिलसिलामा आर्थिक गतिविधिलाई नियमन गर्न संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट जारी भएका तपसिलबमोजिमका कानूनहरुको पालना गर्नुपर्ने हुन्छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र सोको नियमावली, २०७७
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सोको नियमावली, २०६४
- भ्रमण खर्च नियमावली,
- खर्चको मापदण्ड संघ र प्रदेश
- सशर्त तर्फको कार्यक्रम कार्यान्वयन निर्देशिकाहरु
- स्थानीय सार्वजनिक खरिद नियमावली, २०७८

४. विद्यमान अवस्था

संघीय वित्तीय हस्तान्तरण

| शिर्षक विवरण | आय अनुमान | यथार्थ आय | कैफियत |
|---|---|---|---|
| सशर्त अनुदान चालु | ३४,६२,०७,०००/- | ३१,८७,१४,७१७/०४ | फिर्ताः- |
| सशर्त अनुदान पुँजिगत | ६,२१,६१,०००/- | ५,९८,१६,८५९/- | |
| समानीकरण अनुदान | १५,२५,००,०००/- | १३,९९,३४,०००/- | |
| समपुरक अनुदान | १,३०,००,०००/- | १,३०,००,०००/- | |

| | | | |
|---|---|---|---|
| विशेष अनुदान | २,६०,००,०००/- | २,६०,००,०००/- | |
| जम्मा | ५९,९८,६८,०००/- | ५५,७४,६५,५७६/०४ | |

## प्रदेश वित्तीय हस्तान्तरण

| शिर्षक विवरण | आय अनुमान | यथार्थ आय | कैफियत |
|---|---|---|---|
| समानीकरण अनुदान | २,०९,६१,०००/- | २,०९,६१,०००/- | |
| समपुरक अनुदान | १,००,००,०००/- | ५०,००,०००/- | |
| सशर्त अनुदान | - | - | |
| विशेष अनुदान | - | - | |
| जम्मा | ३,०९,६१,०००/- | २,५९,६१,०००/- | |

## राजश्व बाँडफाँट

| विवरण | अनुमानित आय | वास्तविक आय | कैफियत |
|---|---|---|---|
| संघीय राजश्व बाँडफाँट मूल्य अभिबृद्धि कर र अन्तशुल्क | १४,४२,००,०००/०० | १२,८७,३९,०९१/- | |
| संघीय राजश्व बाँडफाँट वन रोयल्टी | - | ७५,५५,०२७/- | |
| प्रदेश राजश्व बाँडफाँट सवारी साधन कर | १,६०,३९,०००/- | १,४२,९०,८१८/- | |
| स्थानीय राजश्व बाँडफाँट घरजग्गा रजिष्टेशन दस्तुर | २,५०,००,०००/०० | १,६६,८६,५५६/- | |
| स्थानीय राजश्व बाँडफाँट दहत्तर बहत्तर | ६,५०,००,०००/- | ५,१४,६४,४३५/- | |
| स्थानीय राजश्व बाँडफाँट विज्ञापन कर | ३,००,०००/- | ० | |
| जम्मा | २५,०५,३९,०००/- | २१,८७,३५,९२८/- | |

## आन्तरिक श्रोत

| विवरण | अनुमान | यथार्थ आय | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| आन्तरिक श्रोत | ६,१२,००,०००/- | ५,२०,४७,३४१/- | शिर्षकगत विवरण राजश्व शाखा |
| जनसहभागिता | १,००,००,०००/- | ४४,४२,५९२/- | |

## व्ययको विवरण

| विवरण | विनियोजन | खर्च | कैफियत |
|---|---|---|---|
| चालु | ६१,५५,६७,०००/- | ५३,५३,८९,४७७/८४ | ८६.९८% |
| पुंजिगत | ४६,७२,३२,०००/- | ३५,९०,६८,०१५/२४ | ७६.८४% |
| जम्मा | १,०८,२७,७९,०००/- | ८९,४४,५७,४९३/०८ | ८२.६०% |

## विगत पाँच वर्षको बजेट, वास्तविक आय र खर्च विचको तुलना

| विवरण | वार्षिक बजेट | वास्तविक आय | खर्च | % |
|---|---|---|---|---|
| ०७६/७७ | ९३,६२,८४,४६०/- | ७४,४५,८३,०९०/२२ | ५९,८८,७०,७७९/६७ | ६३.९६ |
| ०७७/७८ | ९०,३५,६१,९०५/७९ | ९२,२३,२५,७८४/३१ | ६९,६३,७४,८६१/४८ | ७७.०६ |
| ०७८/७९ | १,१२,०८,५६,८२२/९० | ९९,१०,९४,५०७/१० | ७८,०६,०५,४९४/५९ | ६९.६४ |
| ०७९/८० | १,१४,८२,२७,०१२/५१ | ९८,७६,१३,९८६/६१ | ८५,३०,३९,१३९/९८ | ७४.२९ |
| ०८०/८१ | ९७,६८,६२,५९०/ | ८६,३५,५२,८४७/०५ | ७५,१९,०२,८०६/८८ | ७६.९७ |
| ०८१/८२ | १,०८,२७,७९,०००/- | ९७,०३,०२,४७९/९६ | ८९,४४,५७,४९३/०८ | ८२.६ |

## विगत पाँच वर्षको चालु र पुँजिगत विनियोजन र खर्च विचको तुलना

| विवरण | वार्षिक बजेट | विनियोजन | | खर्च | |
|---|---|---|---|---|---|
| | | चालु | पुंजिगत | चालु | पुँजिगत |
| ०७६/७७ | ९३,६२,८४,४६०/- | ४४,८४,४९,०००/-<br>४७.८९% | ४८,७८,३५,४६०/-<br>५२.११%% | ३१,७४,९३,७३९/६६<br>५३.०१% | २८,१३,७७,०४०<br>/-<br>४६.९९% |
| ०७७/७८ | ९०,३५,६१,९०५/- | ४८,१०,४७,७३०/-<br>५३.२४% | ४२,२५,१४,१७५/७९<br>४६.७६% | ४१,५२,३१,२८३/९५<br>५९.६३% | २८,११,४३,५७७<br>/५३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ४०.३७% |
| ०७८/७९ | १,१२,०८,५६,८२२/- | ५६,५२,०५,८५७/९ ५०.४३% | ५५,५६,५०,९६५/- ४९.५७% | ४६,२५,४८,०९२/३५ ५९.२६% | ३१,८०,५७,४०२ /२४ ४०.७४% |
| ०७९/८० | १,१४,८२,२७,०१२/५ | ६०,२०,७७,०१२/- ५२.४४% | ५४,६१,५०,०००/- ४७.५६% | ५२,७८,७९,०१८/०३ ६१.८८% | ३२,५१,६०,१२१ /९५ ३८.१२% |
| ०८०/८१ | ९७,६८,६२,५९०/- | ५९,६९,६२,२००/- ६१.११% | ३७,९९,००,३९०/- ३८.८९% | ५०,९१,७०,९७४/८८ ६७.७२% | २४,२७,३१,८३२ /- ३२.२८% |
| ०८१/८२ | १,०८,२७,७९,०००/- | ६१,५५,६७,०००/ ५६.८५% | ४६,७२,३२,०००/- ४३.१५% | ५३,५३,८९,४७७/८४ ५९.८६% | ३५,९०,६८,०१५ /२४ ४०.१४% |

## ५. प्रमुख चुनौतीहरु/समस्याहरुः-

**आर्थिक प्रशासन शाखाले कार्य सम्पादनको सिलसिलमा महशुस गरेका चुनौति/समस्याहरुः-**

- लेखाङ्कन तथा प्रतिवेदनको लागि रफ्तारमा प्रयोग भईरहेको सूचना प्रविधि सम्बद्ध प्रणालीहरुसँगै अगाडि बढ्नु (SuTRA, IPFMS, NAMS, PAMS, RMIS, e-TDS, EPF, CIT), तालुक निकायहरुबाट सपोर्ट र समन्वय कमजोर,
- असारमा भुक्तानी लिनुपर्छ भन्ने मनोवृत्ति र प्रवृत्ति,
- उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्यान्वयन गरिने आयोजनामा उपभोक्ताको श्रम सहभागिता सम्बन्धी प्रावधानको कार्यान्वयन यथार्थता तथा सोमा निर्माण व्यवसायीको संलग्नताको प्रश्न,
- उपभोक्ता समिति/टोल विकास संस्था मार्फत कार्यान्वयन हुने आयोजनामा न्यून विजकिकरणको कारण भुक्तानीमा सिर्जित जटिलता,
- ठुला रकमका आयोजना जस्तै टुक्रे साना आयोजनाहरुको कार्यान्वयनमा समेत एउटै विधि पद्धति र कानून पालना गर्नुपर्दा उपभोक्ता/टोल समितिहरुले व्यहोर्नुपरेको झन्झटता,
- निर्माण व्यवसायीको कमजोर व्यवसायिकताको कारणले आयोजना कार्यान्वयनमा भएको ढिलाई,

**नगरपालिकाको समग्र वित्त व्यवस्थापन तर्फका चुनौति तथा सवालहरुः-**

- **संघ सरकारको वित्तिय हस्तान्तरणः-**
  - सशर्त अनुदानको बढ्दो स्वरुप, (स्थानीय तहको विनियोजन स्वायत्तता कमजोर बन्दै)
  - सशर्त अनुदानमा विनियोजित कार्यक्रमहरुको औचित्यता माथिका प्रश्न,

- वित्तिय समानीकरण अनुदानको घट्दो परिमाण तथा विनियोजित रकम पनि निकासा नभई कट्टि हुने,
- संघीय सरकारमा हुने फेरबदलबाट समानीकरण अनुदानको अशं घटबढ हुन सक्ने त्रास, (वार्षिक बजेट वा राजश्व अनुमानको न्यूनतम प्रतिशत तोकी सोमा नघट्ने गरि स्थानीय तहलाई अनुदान हस्तान्तरण गर्नुपर्नेमा सो नभई तात्कालीन नेतृत्वको विवेकमा निर्भर हुनुपर्ने अवस्था विद्यमान),
- समपूरक र विशेष अनुदानमा नगरबाट माग पेश भएका प्राथमिकता प्राप्त आयोजना भन्दा बाहिर विनियोजन हुने बढ्दो प्रवृत्ति,
- संघ सरकारबाट विनियोजन प्रतिबद्धता भईसकेकोले निर्माणको चरणमा प्रवेश गरेका आयोजनामा बजेट विनियोजन नभएका उदाहरण, (नगर अस्पताल)

- **प्रदेश सरकारको वित्तीय हस्तान्तरण**
  - संघीय सरकारबाट वित्तीय हस्तान्तरण प्राप्त गरेर सोही रकम स्थानीय तहमा विनियोजन गर्ने प्रवृत्ति, (संघीय श्रोत जोखिममा पर्दा प्रदेश श्रोत समेत जोखिममा पर्ने अवस्था)
  - प्रादेशिक विषयगत नीतिहरु कार्यान्वयनको लागि सबै स्थानीय तहमा एकिकृत प्रकृतिका कार्यक्रम सन्चालन गर्ने गरि सशर्त अनुदान विनियोजन गर्नुपर्नेमा अस्थिर, निरन्तरता नहुने पटके योजनाहरुमा सशर्त अनुदानको रकम विनियोजन हुने प्रवृत्ति,
  - सशर्तमा विनियोजन गरि नगरपालिका मार्फत कार्यान्वयन गर्नुपर्ने कार्यक्रमहरु जिल्ला स्तरमा समानान्तर कार्यालय खडा गरि कार्यान्वयन गर्ने प्रवृत्ति बढ्दो, (सामाजिक विकास मन्त्रालय अन्तर्गतका अधिकतम कार्यक्रम, घरेलु कार्यालयबाट कार्यान्वयन गरिने कार्यक्रमहरु)
  - समपूरक र विशेष अनुदानमा आयोजना स्विकृत गरी आयोजनाको प्रकृति अनुसार बजेट विनियोजन गर्नुपर्नेमा आयोजना नै नहेरि १ वर्षको लागि कार्यान्वयन हुने गरि तोकुवा रकम विनियोजन गर्ने प्रवृत्ति,

- **संघीय तथा प्रादेशिक राजश्व बाँडफाँटः-**
    - संघ सरकारमा संकलन हुने भ्याट र अन्तशुल्कको रकम मध्ये संघले ७० %, प्रदेशहरुले १५ % र स्थानीय तहहरुले १५ % प्राप्त गर्ने व्यवस्थामा स्थानीय तहहरुबाट आफ्नो पक्षमा गरिनुपर्ने बहस,
    - रोयल्टि बाँडफाँटमा संघीय सरकारबाट गरिने ढिलाई, (एक आर्थिक वर्षपछि मात्र बाँडफाँट हुने गरेको)
    - मालपोत कार्यालयको जग्गामा रहेको न्यून मुल्याङ्कन र सोको कारण घरजग्गा रजिष्ट्रेशन दस्तुर प्राप्तिमा व्यहोर्नुपरेको घाटा,

- **स्थानीय आन्तरिक श्रोतः-**
    - दहत्तर बहत्तर (नदिजन्य पदार्थ ढुङ्गा, गिट्टि, बालुवा) श्रोतको अनुमान र यथार्थ प्राप्ति विच हुने फरकपना, **अस्थिर स्रोतको रुपमा दहत्तर बहत्तर**,
    - राष्ट्रपति चुरे क्षेत्र भित्र रहेको कारण दहत्तर बहत्तर शुल्क संकलनमा थपिएको जटिलता,
    - नगरपालिकाको मध्यवर्ति क्षेत्र भित्र संकलित दहत्तर बहत्तर शुल्कमा नगरपालिकाले गुमाएको राजश्व अधिकार,
    - नदिजन्य पदार्थको चोरि निकासी नियन्त्रण,
    - घरबहाल कर संकलनको दायरा र यथार्थ प्राप्ति वीचको खाडल,
    - नगर क्षेत्रभित्रको जग्गाको स्वामित्व (ऐलानीको हिस्सा ठुलो) को कारण सम्पत्ती कर र मालपोत कर संकलनमा व्यहोर्नु परेको नोक्सानी, तथा बहाल विटौरी कर संकलनमा रहेको जटिलता,
    - स्थानीय सरकार संचालन ऐनको व्यवस्था बमोजिम सामुदायिक बनबाट प्राप्त हुनुपर्ने १० प्रतिशत रकम नगरपालिकालाई नदिईएको अवस्था र अधिकार प्राप्ति तर्फको कमजोर बहस,

सुमन राज रेग्मी
लेखा अधिकृत
मध्यविन्दु नगरपालिका

# मध्यविन्दु नगरपालिका
# शिक्षा युवा तथा खेलकुद महाशाखाको
# वार्षिक प्रगति प्रतिवेदन

## २०८१।०८२

## मध्यविन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### शिक्षा युवा तथा खेलकुद महाशाखा
### मध्यविन्दु, नवलपरासी (व.सु.पू)

## १. शिक्षा, युवा तथा खेलकुद महाशाखाको कार्यविवरण

- प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा (गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, नियमन।
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन।
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन ।
- पाठ्यक्रम र पाठ्यसामग्रीको वितरण एवं व्यवस्थापन ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन।
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको सरुवा, दरबन्दी मिलान तथा व्यवस्थापन र कार्य सम्पादन करार एवं कार्य सम्पादन मूल्याङ्कन।
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।
- शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार ।
- आधारभूत तह (कक्षा ८) लगायत अन्य परीक्षा व्यवस्थापन ।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास।
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन ।
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन ।
- विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।
- शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन ।
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण ।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।
- दिवा खाजा कार्यक्रम,छात्रवास व्यवस्थापन लगायत विद्यालयको समग्र अनुगमन सुपरिवेक्षण तथा नियमन।
- दिवा खाजा कार्यक्रम,छात्रवास व्यवस्थापन लगायत विद्यालयको समग्र अनुगमन सुपरिवेक्षण तथा नियमन।
- स्थानीय पुस्तकालय एवं पत्रपत्रिका, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन।
- नेपाल सरकारबाट शिक्षा तर्फ प्राप्त सशर्त अनुदानको बजेट तथा कार्यक्रम सञ्चालन ।
- विद्यालय बाहिर हुने अध्यापन सेवा(ट्युसन, कोचिङ्ग, भाषा कक्षा आदि)को अनुमति तथा नियमन।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन।
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन।
- स्थानीय स्तरमा खेलकुद व्यवस्थापन तथा सङ्घ संस्थाको नियमन र समन्वय।
- खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास।

- खेलकुदको विकास र प्रवर्द्धन।
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता।
- अतिरिक्त क्रियाकलापको सञ्चालन र व्यवस्थापन ।
- युवा जागरण, सशक्तीकरण र परिचालन।
- युवा सीप, उद्यमशीलता तथा नेतृत्व विकास।
- खेलकुद विकास समिति गठन व्यवस्थापन तथा परिचालन।
- नगरपालिकाको शिक्षा संग सम्बन्धित अन्य विषय ।

## २. महाशाखा संग सम्बन्धित कानूनी व्यवस्थाहरु

- शिक्षा ऐन, २०२८ (संशोधनसहित), शिक्षा नियमावली २०५९ (संशोधनसहित),
- मध्यविन्दु नगरपालिकाको शिक्षा ऐन, २०७८ लगायत शिक्षासम्बन्धी कानुनहरू
- हाम्रो खुसी पाठ्यक्रम निर्माण तथा कार्यान्वयन निर्देशिका, २०८०
- Happy Friday कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- शिक्षण सहयोग अनुदान व्यवस्थापन कार्यविधि, २०७८
- नमुना आधारभूत विद्यालय व्यवस्थापन कार्यविधि, २०७८
- वार्षिक कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१/०८२
- सार्वजनिक खरिद ऐन तथा नियमावली (संशोधनसहित)

## ३. शिक्षा, युवा तथा खेलकुद महाशाखाको संरचना

| सि.नं. | पद | तह | कर्मचारीको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १ | उपसचिव | नवौ/दशौ | पदमराज आचार्य (दशौ तह) | स्वीकृत संरचना |
| २ | शिक्षा अधिकृत | सातौ/आठौ | कृष्ण प्रसाद रेग्मी (सातौ तह) | |
| ३ | सहायक शिक्षा अधिकृत | पाचौ/ छैठौ | गीता चापागाई पाण्डे छैठौ तह) | |
| ४ | स्रोत शिक्षक | (माध्यमिक शिक्षक, काज) | कलामुद्दीन अन्सारी | |
| ५ | खुसी कार्यक्रम संयोजक | (अधिकृत) | लक्ष्मी भट्टराइ पाण्डे | |
| ६ | खुसी स्रोत शिक्षक | शिक्षक, काज | कृष्ण चन्द्र गिरी | |
| ७ | खुसी स्रोत शिक्षक | शिक्षक, काज | मिना नेउपाने | |

## ४. विद्यमान अवस्था

क) शिक्षण संस्थाको विवरण

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | **प्रारम्भिक बालविकास/पूर्व प्राथमिक विद्यालय** | | |
| | सामुदायिक | सङ्ख्या | ५४ |
| | संस्थागत | सङ्ख्या | १९ |
| | **जम्मा** | सङ्ख्या | ७३ |
| २ | **विद्यालय सङ्ख्या** | | |
| | सामुदायिक विद्यालय | सङ्ख्या | ४६ |
| | संस्थागत विद्यालय | सङ्ख्या | १९ |
| | **जम्मा** | सङ्ख्या | ६५ |
| ३ | **विद्यालय सङ्ख्या (एकाइ)** | | |
| | आधारभूत (१-३/१-५) | सङ्ख्या | २८ |
| | आधारभूत (१-८) | सङ्ख्या | १४ |
| | माध्यमिक (१-१०) | सङ्ख्या | ११ |
| | माध्यमिक (१-१२) | सङ्ख्या | १२ |
| ४ | **सामुदायिक विद्यालय सङ्ख्या (एकाइ)** | | |
| | आधारभूत (१-३) | सङ्ख्या | ५ |
| | आधारभूत (१-५) | सङ्ख्या | १८ |
| | आधारभूत (१-८) | सङ्ख्या | १० |
| | माध्यमिक (१-१०) | सङ्ख्या | ३ |
| | माध्यमिक (१-१२) | सङ्ख्या | १० |
| | जम्मा | | ४६ |
| ५ | **संस्थागत विद्यालय सङ्ख्या (एकाइ)** | | |
| | आधारभूत (१-३/१-५) | सङ्ख्या | ५ |
| | आधारभूत (१-८) | सङ्ख्या | ४ |
| | माध्यमिक (१-१०) | सङ्ख्या | ८ |
| | माध्यमिक (१-१२) | सङ्ख्या | २ |
| | जम्मा | | १९ |
| ६ | **विद्यालय सङ्ख्या (तह)** | | |
| | आधारभूत (१-३/१-५) | सङ्ख्या | ६५ |
| | आधारभूत (६-८) | सङ्ख्या | ३७ |
| | माध्यमिक (९-१०) | सङ्ख्या | २३ |

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| | माध्यमिक (११-१२) | सङ्ख्या | १२ |
| ७ | प्राविधिक शिक्षा (माध्यमिक तह कक्षा ९-१२ को प्राविधिक धार सञ्चालित विद्यालयहरू) : सिभिल इन्जिनियरिङ १ (नवजागरण मा.वि.) र कम्प्युटर इन्जिनियरिङ १ (जनता मा.वि. मंगलचौर) | सङ्ख्या | २ |
| ८ | नमुना विद्यालय विकास कार्यक्रम (नवजागरण मा.वि.) | सङ्ख्या | १ |
| ९ | क्याम्पस (कोल्हुवा बहुमुखी क्याम्पस, नवजागरण बहुमुखी कार्यक्रम, आरुङ्गखोला बहुमुखी क्याम्पस) | सङ्ख्या | ३ |
| १० | सामुदायिक सिकाइ केन्द्र (तमसरिया सामुदायिक सिकाइ केन्द्र, आरुङ्गखोला सामुदायिक सिकाइ केन्द्र) | सङ्ख्या | २ |

*नोट : शै.स.२०८२ देखि लागु हुने गरी एक सामुदायिक प्रा.वि. समायोजन भई सामुदायिक विद्यालय ४५ वटा कायम भएको ।*

**ख) विद्यार्थी विवरण**

शैक्षिक सत्र २०८१ मा नगरपालिकामा प्रारम्भिक बालविकासमा ३५२८, आधारभूत (कक्षा १-५) मा ६०८६, आधारभूत (कक्षा ६-८) मा ३१८२, माध्यमिक (कक्षा ९-१०) मा १८६८ र माध्यमिक (कक्षा ११-१२) मा १५३८ गरी कूल १६२०२ जना विद्यार्थी अध्ययनरत छन् । उक्त विद्यार्थीमध्ये सामुदायिक विद्यालयको विद्यार्थीको हिस्सा ६४.३१ प्रतिशत र संस्थागत विद्यालयको विद्यार्थीको हिस्सा ३५.६९ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८१ को कक्षागत जम्मा, सामुदायिक र संस्थागत विद्यार्थीको कक्षागत विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ :

| कक्षा | जम्मा विद्यार्थी | | | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| **बालविकास** | **१६५५** | **१८७३** | **३५२८** | **९८०** | **१०३०** | **२०१०** | **५६.९७** | **६७५** | **८४३** | **१५१८** | **४३.०३** |
| कक्षा १ | **५५५** | **६१०** | **११६५** | २७० | ३०१ | **५७१** | ४९.०१ | २८५ | ३०९ | **५९४** | **५०.९९** |
| कक्षा २ | **५५०** | **६१७** | **११६७** | ३१२ | ३२५ | **६३७** | **५४.५८** | २३८ | २९२ | **५३०** | ४५.४२ |
| कक्षा ३ | **५७७** | **६२८** | **१२०५** | ३५३ | ३३६ | **६८९** | **५७.१८** | २२४ | २९२ | **५१६** | ४२.८२ |
| कक्षा ४ | **६१७** | **७२२** | **१३३९** | ४२० | ४५३ | **८७३** | **६५.२०** | १९७ | २६९ | **४६६** | **३४.८०** |
| कक्षा ५ | **५८२** | **६२८** | **१२१०** | ३८५ | ३६७ | **७५२** | **६२.१५** | १९७ | २६१ | **४५८** | **३७.८५** |

| कक्षा | जम्मा विद्यार्थी | | | सामुदायिक विद्यालय | | | | संस्थागत विद्यालय | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| **कक्षा १-५** | २८८१ | ३२०५ | ६०८६ | १७४० | १७८२ | ३५२२ | ५७.८७ | ११४१ | १४२३ | २५६४ | ४२.१३ |
| कक्षा ६ | ५४२ | ५५८ | ११०० | ३६७ | ३६७ | ७३४ | ६६.७३ | १७५ | १९१ | ३६६ | ३३.२७ |
| कक्षा ७ | ५०६ | ५६३ | १०६९ | ३४९ | ३४९ | ६९८ | ६५.२९ | १५७ | २१४ | ३७१ | ३४.७१ |
| कक्षा ८ | ४६७ | ५४६ | १०१३ | ३५४ | ३५४ | ७०८ | ६९.८९ | ११३ | १९२ | ३०५ | ३०.११ |
| **कक्षा ६-८** | १५१५ | १६६७ | ३१८२ | १०७० | १०७० | २१४० | ६७.२५ | ४४५ | ५९७ | १०४२ | ३२.७५ |
| कक्षा ९ | ४५६ | ४५९ | ९१५ | ३४० | ३३७ | ६७७ | ७३.९९ | ११६ | १२२ | २३८ | २६.०१ |
| कक्षा १० | ५०४ | ४४९ | ९५३ | ३९७ | ३४२ | ७३९ | ७७.५४ | १०७ | १०७ | २१४ | २२.४६ |
| **कक्षा ९-१०** | ९६० | ९०८ | १८६८ | ७३७ | ६७९ | १४१६ | ७५.८० | २२३ | २२९ | ४५२ | २४.२० |
| कक्षा ११ | ३८९ | ४०८ | ७९७ | ३४९ | ३४२ | ६९१ | ८६.७० | ४० | ६६ | १०६ | १३.३० |
| कक्षा १२ | ४२० | ३२१ | ७४१ | ३८० | २६१ | ६४१ | ८६.५० | ४० | ६० | १०० | १३.५० |
| **कक्षा ११-१२** | ८०९ | ७२९ | १५३८ | ७२९ | ६०३ | १३३२ | ८६.६१ | ८० | १२६ | २०६ | १३.३९ |
| **ECD-१२कूल** | ७८२० | ८३८२ | १६२०२ | ५२५६ | ५१६४ | १०४२० | ६४.३१ | २५६४ | ३२१८ | ५७८२ | ३५.६९ |

शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा अध्ययन गर्ने जम्मा, दलित र जनजाति विद्यार्थीहरूको कक्षागत विवरण निम्नअनुसारको तालिकामा देखाइएको छ :

| कक्षा | जम्मा विद्यार्थी | | | जनजाति विद्यार्थी | | | | दलित विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| **बालविकास** | ९८० | १०३० | २०१० | ६८३ | ७१२ | १३९५ | ६९.४ | १२३ | १२८ | २५१ | १२.४९ |
| कक्षा १ | २७० | ३०१ | ५७१ | १८७ | २०७ | ३९४ | ६९ | ३९ | ३९ | ७८ | १३.६६ |
| कक्षा २ | ३१२ | ३२५ | ६३७ | २१० | २२५ | ४३५ | ६८.२९ | ४६ | ३८ | ८४ | १३.१९ |
| कक्षा ३ | ३५३ | ३३६ | ६८९ | २४१ | २२८ | ४६९ | ६८.०७ | ५४ | ४७ | १०१ | १४.६६ |
| कक्षा ४ | ४२० | ४५३ | ८७३ | २९२ | ३१० | ६०२ | ६८.९६ | ६० | ५८ | ११८ | १३.५२ |

| कक्षा | जम्मा विद्यार्थी | | | जनजाति विद्यार्थी | | | | दलित विद्यार्थी | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | प्रतिशत | छात्रा | छात्र | जम्मा | प्रतिशत |
| कक्षा ५ | ३८५ | ३६७ | ७५२ | २६२ | २५१ | ५१३ | ६८.२२ | ५७ | ४६ | १०३ | १३.७० |
| **कक्षा १-५** | **१७४०** | **१७८२** | **३५२२** | **११९२** | **१२२१** | **२४१३** | **६८.५१** | **२५६** | **२२८** | **४८४** | **१३.७४** |
| कक्षा ६ | ३६७ | ३६७ | ७३४ | २५६ | २४५ | ५०१ | ६८.२६ | ४० | ४४ | ८४ | ११.४४ |
| कक्षा ७ | ३४९ | ३४९ | ६९८ | २३६ | २४९ | ४८५ | ६९.४८ | ४४ | ४० | ८४ | १२.०३ |
| कक्षा ८ | ३५४ | ३५४ | ७०८ | २३७ | १९३ | ४३० | ६०.७३ | ४५ | ३३ | ७८ | ११.०२ |
| **कक्षा ६-८** | **१०७०** | **१०७०** | **२१४०** | **७२९** | **६८७** | **१४१६** | **६६.१७** | **१२९** | **११७** | **२४६** | **११.५०** |
| कक्षा ९ | ३४० | ३३७ | ६७७ | २४३ | २२९ | ४७२ | ६९.७२ | ३१ | ३१ | ६२ | ९.१६ |
| कक्षा १० | ३९७ | ३४२ | ७३९ | २६५ | २२४ | ४८९ | ६६.१७ | ४४ | ३५ | ७९ | १०.६९ |
| **कक्षा९-१०** | **७३७** | **६७९** | **१४१६** | **५०८** | **४५३** | **९६१** | **६७.८७** | **७५** | **६६** | **१४१** | **९.९६** |
| कक्षा ११ | ३४९ | ३४२ | ६९१ | २७२ | २०८ | ४८० | ६९.४६ | ४३ | २६ | ६९ | ९.९९ |
| कक्षा १२ | ३८० | २६१ | ६४१ | २७४ | १७९ | ४५३ | ७०.६७ | ३८ | ३० | ६८ | १०.६१ |
| **कक्षा ११-१२** | **७२९** | **६०३** | **१३३२** | **५४६** | **३८७** | **९३३** | **७०.०५** | **८१** | **५६** | **१३७** | **१०.२९** |
| **ECD-१२कूल** | **५२५६** | **५१६४** | **१०४२०** | ३६५८ | ३४६० | ७११८ | **६८.३१** | ६६४ | ५९५ | १२५९ | **१२.०८** |

मध्यविन्दु नगरपालिकाको सामुदायिक विद्यालयमा प्रारम्भिक बालशिक्षादेखि कक्षा १२ सम्म कूल १०४२० जना विद्यार्थी अध्ययनरत छन्। ती विद्यार्थीमध्ये जनजाति विद्यार्थी ७११८ जना (६८.३१ प्रतिशत) र दलित विद्यार्थी १२५९ जना (१२.०८ प्रतिशत) रहेका छन् ।

## ग) शिक्षक विवरण

यस नगरपालिकाको शैक्षिक सत्र २०८१ मा कार्यरत शिक्षकहरूको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ :

| | विवरण | प्रारम्भिक बालविकास | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | स्वीकृत दरवन्दी | ५४ | १७६ | २६ | २० | ५ | २२७ |
| २ | राहत अनुदान कोटा | | ४१ | २८ | २४ | १० | १०३ |
| ३ | शिक्षण सहयोग अनुदान | | | ५ | ९ | | १४ |
| ४ | प्राविधिक धारतर्फ | | | ४ | ४ | ८ | १६ |

| | विवरण | प्रारम्भिक बालविकास | प्राथमिक | निम्न माध्यमिक | माध्यमिक | उच्च माध्यमिक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | जम्मा शिक्षक दरवन्दी सङ्ख्या | | २१७ | ६३ | ५७ | २३ | ३६० |

मध्यविन्दु नगरपालिकामा संघीय सरकारको स्रोतबाट तलवभत्ता खाने शिक्षकहरू (प्रारम्भिक बालविकासका सहजकर्तादेखि कक्षा १२ सम्मका) कुल ४१४ जना शिक्षक कार्यरत रहेको छन् । उक्त सङ्ख्यामध्ये प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ता ५४, सरकारी दरबन्दी (राहत, शिक्षण अनुदान कोटा समेत)मा प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च माध्यमिकमा क्रमशः २१७, ६३, ५७ र २३ गरी कुल ३६० दरबन्दी रहेको छ । यसैगरी सबै तहमा गरी स्वीकृत दरबन्दी २२७, राहत अनुदान १०३, प्राविधिक धारतर्फ १६ र शिक्षण सहयोग अनुदान (ससर्ततर्फ) १४ जना शिक्षक कार्यरत रहेका छन् ।

**घ) शिक्षक तथा विद्यालय र विद्यार्थी अनुपातः**

मध्यविन्दु नगरपालिकामा जम्मा विद्यालय विद्यार्थी, शिक्षक विद्यार्थी र विद्यालय शिक्षकको अनुपात देहाय बमोजिम रहेको छः

| तह | विद्यालय विद्यार्थी (जम्मा) | विद्यालय विद्यार्थी (सरकारी) | शिक्षक विद्यार्थी (सरकारी) | विद्यालय शिक्षक (सरकारी) |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास | ४८ | ३७ | ३७ | १ |
| आधारभूत (१-५) | ९४ | ७७ | १६ | ४.८ |
| आधारभूत (६-८) | ८६ | ९३ | ३४ | २.७ |
| माध्यमिक (९-१०) | ८१ | १०९ | २५ | ४.४ |
| माध्यमिक (११-१२) | १२८ | १३३ | ५८ | २.३ |

मध्यविन्दु नगरपालिका भित्र संचालित विद्यालयको विद्यालय र विद्यार्थी अनुपात हेर्दा प्रारम्भिक बालविकास, आधारभूत (१-५), आधारभूत (६-८), माध्यमिक (९-१०) र माध्यमिक (११-१२) को अनुपात क्रमशः ४८, ९४, ८६, ८१ र १२८ रहेको छ । त्यस्तै सामुदायिक विद्यालय तर्फ विद्यालय विद्यार्थी अनुपातमा प्रारम्भिक बालविकास, आधारभूत (१-५), आधारभूत (६-८), माध्यमिक (९-१०) र माध्यमिक (११-१२) को अनुपात क्रमशः ३७, ७७, ९३, १०९ र १३३ रहेको छ ।साथै सामुदायिक विद्यालय तर्फ शिक्षक विद्यार्थी अनुपातमा प्रारम्भिक बालविकास, आधारभूत (१-५), आधारभूत (६-८), माध्यमिक (९-१०) र माध्यमिक (११-१२) को अनुपात क्रमशः ३७, १६, ३४, २५ र ५८ रहेको छ । सामुदायिक(सरकारी)

विद्यालय र शिक्षकको अनुपात प्रारम्भिक बालविकास, आधारभूत (१-५), आधारभूत (६-८), माध्यमिक (९-१०) र माध्यमिक (११-१२) को अनुपात क्रमशः १, ४.८, २.७, ४.४ र २.३ रहेको छ ।

## ५. कार्यक्रम र प्रगतिको अवस्था

**क) वार्षिक समष्टिगत बजेट र खर्चको स्थिति २०८१।८२ (बजेट रु हजारमा)**

| क्र.स | कार्यक्रम शिर्षक | विनियोजित बजेट (हजारमा) | खर्च भएको रकम (हजारमा) | वित्तीय प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|
| १ | **शिक्षक तलवभत्ता तर्फ** | | | |
| १.१ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | १५३६१९ | १४५९७८.३९९ | ९५.०३ |
| १.२ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान | ४९६४२ | ४९६४२ | १००.०० |
| २ | **विद्यालय क्षेत्रविकास कार्यक्रम** | | | |
| २.१ | विद्यालय क्षेत्रविकास कार्यक्रमका जम्मा | ७०७९७ | ५९८६४.९५१ | ८४.५६ |
| ३ | **स्थानीय तहतर्फ** | | | |
| ३.१ | **शिक्षा महाशाखा (खुसी समेत)** | ४००८८ | ३४६४५.४३३ | ८६.४२ |
| ३.४ | **युवा तथा खेलकुद** | **५२५०** | **३८१५** | ७२.६६ |
| **शिक्षा, युवा तथा खेल कुद महाशाखातर्फ जम्मा** | | ४५३३८ | ३८४६० | ८४.८३ |
| | **स्थानीय र संघिय ससर्त समेत जम्मा** | **३१९३९६** | **२९३९४६** | ९२.०३ |

## ख) वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू (ससर्त अनुदान) तर्फको प्रगति विवरण

| क्र.स | कार्यक्रम शिर्षक | विनियोजित बजेट (हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **भौतिक लक्ष्य** | **भौतिक प्रगति** | **भौतिक प्रतिशत** | **खर्च भएको रकम (हजारमा)** | **खर्च प्रतिशत** |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) | १५३६१९ | शिक्षक संख्या | २८० | २८० | १०० | १४५९७८.४ | ९५.०३ |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षक लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | ४९६४२ | शिक्षक संख्या | ८० | ८० | १०० | ४९६४२ | १०० |
| ३ | विद्यालय क्षेत्रविकास कार्यक्रमका जम्मा | ७०७९७ | | | | | ५९८६४.९५१ | ८४.५६ |
| | **ससर्त तर्फ जम्मा** | **२७४०५८** | | | | | | |
| | **विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम तर्फ** | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान | १५१०२ | संख्या | ११४ | ११४ | १०० | १५०१९.१६७ | ९९.४५ |
| २ | सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | ६६७५ | विद्यार्थी संख्या | ८४१० | ८४१० | १०० | ५८४४.५०४ | ८७.५६ |
| ३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | १५६५७ | विद्यार्थी संख्या | ५५३२ | ५५३२ | १०० | १२९२४.३४५ | ८२.५५ |

| क्र.स | कार्यक्रम शिर्षक | विनियोजित बजेट (हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक लक्ष्य | भौतिक प्रगति | भौतिक प्रतिशत | खर्च भएको रकम (हजारमा) | खर्च प्रतिशत |
| ४ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३२३५ | विद्यालय संख्या | ४६ | ४६ | १०० | ३२३५ | १०० |
| ५ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | ७३५५ | संख्या | ४ | ४ | १०० | ६९६१.०१९ | ९४.६४ |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | ९५२ | कार्यक्रम संख्या | २ | २ | १०० | ६४४.८०७ | ६७.७३ |
| ७ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २७२८ | विद्यालय संख्या | ० | ० | ० | ० | ० |
| ८ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान | ६१७५ | विद्यार्थी संख्या | १०४२० | १०४२० | १०० | ४६७४.४ | ७५.७ |
| ९ | माध्यमिक तह कक्षा (९-१०) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५२०२ | शिक्षक संख्या | ८ | ८ | १०० | ३८९४.२९९ | ७४.८६ |
| १० | आधारभूत तह कक्षा (६-८) मा अंग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | २३०७ | शिक्षक संख्या | ५ | ५ | १०० | २३०७ | १०० |
| ११ | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | ५०० | संख्या | ४६ | ० | ० | ४७२.२३७ | ९४.४५ |

| क्र.स | कार्यक्रम शिर्षक | विनियोजित बजेट (हजारमा) | **इकाई** | **भौतिक प्रगति** | | | **वित्तीय प्रगति** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **भौतिक लक्ष्य** | **भौतिक प्रगति** | **भौतिक प्रतिशत** | **खर्च भएको रकम (हजारमा)** | **खर्च प्रतिशत** |
| १२ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | २१३५ | विद्यार्थी संख्या | २०५६ | २०५६ | १०० | १४०३ | ६५.७१ |
| १३ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनौट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ७६६ | विद्यार्थी संख्या | १२५ | १२५ | १०० | ७३८ | ९६.३४ |
| १४ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मुल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | २००८ | पटक | निरन्तर | निरन्तर | १०० | १७४७.१७३ | ८७.०१ |
| | **विद्यालय शिक्षा क्षेत्र योजना कार्यक्रम तर्फ जम्मा** | ७०७९७ | पटक | १ | १ | १०० | ५९८६४.९५१ | ८४.५६ |

## ग) नगरपालिकाको आन्तरिक स्रोत तर्फका कार्यक्रमहरूको प्रगति

मध्यविन्दु नगरपालिकाको आन्तरिक स्रोत तर्फका कार्यक्रमहरुको भौतिक तथा वित्तीय प्रगति देहायअनुसार रहेको छ।

| क्र.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | **इकाई** | **भौतिक प्रगति** | | | **वित्तीय प्रगति** | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | **लक्ष्य** | **प्रगति** | **प्रगति %** | **वार्षिक खर्च** | **खर्च %** |
| **८.१** | **शिक्षा** | **४०,०८८.००** | | | | | ३४६४५.४३३ | ८६.४२ |
| ८.१.०१ | विद्यालय कर्मचारी, ECD तथा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाइ तलव सुविधा | १०९०० | संख्या | ११५ | ११५ | १०० | १०७८९.४३४ | ९८.९९ |

| क्र.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.१.०२ | अंग्रेजी मध्यमका पाठ्यपुस्तक निःशुल्क व्यवस्थापन गर्न प्रति विद्यार्थीका आधारमा विद्यालयहरूलाई अनुदान | ३००० | विद्यार्थी संख्या | | | | १५८२.४३० | ५२.७५ |
| ८.१.०३ | शिक्षण सहयोग अनुदान (स्वयमसेवक शिक्षक) | १७०० | शिक्षक संख्या | ११ | ११ | १०० | १६९२.००० | ९९.५३ |
| ८.१.०४ | विद्यार्थीसंग मेयर कार्यक्रम | २०० | पटक | १ | १ | १०० | ०.००० | ०.०० |
| ८.१.०५ | सट्टा शिक्षक व्यवस्थापन (स्रोतशिक्षक तथा अन्य) | १२०४ | शिक्षक संख्या | ४ | ४ | १०० | ११६२.७९४ | ९६.५८ |
| ८.१.०६ | परीक्षा व्यवस्थापन (कक्षा ८ र कक्षा ५) | ७०० | पटक | १ | १ | १०० | ६८८.४०० | ९८.३४ |
| ८.१.०७ | प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छात्रवृत्ति | ३०० | संख्या | २६ | २६ | १०० | २६०.००० | ८६.६७ |
| ८.१.०८ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक निर्माण, विकास, छपाई तथा वितरण | १००० | पटक | १ | १ | १०० | ९९८.९२० | ९९.८९ |
| ८.१.०९ | नगरस्तरीय अतिरिक्त क्रियाकलाप संचालन | ५०० | पटक | ४ | १ | २५ | २९.६२० | ५.९२ |
| ८.१.१० | प्रधानाध्यापक लगायत विषयगत सरोकारवालाहरु बैठक | २०० | निरन्तर | ७ | ७ | १०० | १७४.४०० | ८७.२० |
| ८.१.११ | विद्यालय सुपरीवेक्षण तथा कार्यक्रम अनुगमन | २०० | नियमित | नियमित | नियमित | १०० | ४०.००० | २०.०० |
| ८.१.१२ | नतिजामा आधारित विद्यार्थी, शिक्षक, विद्यार्थी पुरस्कार तथा शिक्षा दिवस | ३०० | पटक | १ | १ | १०० | ३००.००० | १००.०० |
| ८.१.१३ | विद्यार्थी मूल्यांकन अभिलेखीकरण पुस्तिका छपाई तथा वितरण (कक्षा १ देखि ३) | २२० | पटक | १ | १ | १०० | २०८.८२४ | ९४.९२ |

| क.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.१.१४ | विपन्न लक्षित विद्यार्थीलाई झोला स्टेशनरी र पोशाक सहयोग कार्यक्रम | २५० | विद्यार्थी संख्या | २५० | २५० | १०० | २५०.००० | १००.०० |
| ८.१.१५ | शिक्षा समिति, शिक्षासम्बन्धी विभिन्न कार्यदल तथा समितिहरूको वैठक | २०० | पटक | ५ | ५ | १०० | १४७.६०० | ७३.८ |
| ८.१.१६ | शैक्षिक बुलेटिन तथा क्यालेन्डर | २०० | पटक | २ | २ | १०० | १७७.२६२ | ८८.६ |
| ८.१.१७ | १४ नं वडा निशुल्क शिक्षा कार्यक्रम | १००० | विद्यालय संख्या | ६ | ६ | १०० | ९९९.६०० | ९९.९६ |
| ८.१.१८ | वडा शिक्षा समिति संचालन तथा व्यवस्थापन | १५० | वडा संख्या | १५ | १४ | ९३ | १३८.५८७ | ९२.३९ |
| ८.१.१९ | विद्यालय स्वमूल्यांकन तथा स्तरीकरण | २०० | पटक | १ | १ | १०० | ८१.४३८ | ४०.७२ |
| ८.१.२० | अपांगता भएका बालबालिकाहरूका लागि दिवा स्याहार केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | ४०० | पटक | १ | १ | १०० | ३८२.६५८ | ९५.६६ |
| ८.१.२१ | शिक्षा महाशाखाको प्रस्तावमा शैक्षिक कार्यक्रम (तालिम एवम् क्षमता विकास, अभिमुखीकरण, विषयगत शिक्षक सञ्जाल गठन तथा परिचालन, शैक्षिक प्रदर्शनी आदि) सञ्चालन | १६०० | कार्यक्रम संख्या | ८ | ८ | १०० | १२५८.३२३ | ७८.६५ |
| ८.१.२२ | मध्यविन्दु सन्देश प्रकाशन | ३०० | पटक | १ | १ | १०० | २४०.१५० | ८०.०५ |
| ८.१.२३ | हाम्रो खुशी परामर्श सेवा /सहजीकरण सेवा | ९२० | पटक | १ | ० | ० | ८८९.९५७ | ९६.७३ |

| क.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.१.२४ | विद्यालयहरूको आवश्यकतामा आधारित रही भौतिक तथा शैक्षिक पूर्वाधार विकास, मर्मत सम्भार एवम् शैक्षिक सामग्री व्यवस्थापन | | | | | | | |
| १ | जनता मा.वि टांडी सभाहल AC | ३०० | पटक | १ | १ | १०० | २९८.१५० | ९९.३८ |
| २ | कोल्हुवा बहुमुखी क्याम्पस | २०० | पटक | १ | १ | १०० | १७१.९२५ | ८५.९६ |
| ३ | शान्ति आ.वि पूर्वाधार निर्माण | ६०० | पटक | १ | १ | १०० | ५७७.८६८ | ९६.३१ |
| ४ | लुम्बिनी प्रा.वि पूर्वाधार विकास | ५० | पटक | १ | १ | १०० | ४८.५०० | ९७.०० |
| ५ | रत्नराज्य लक्ष्मी मा.वि होस्टेल व्यवस्थापन | २०० | पटक | १ | १ | १०० | २००.००० | १००.०० |
| ६ | दुर्गा आ.वि पूर्वाधार निर्माण | ४५० | पटक | १ | १ | १०० | ४३६.५०० | ९७.०० |
| ७ | लोहासेधारा प्रा वि पूर्वाधार निर्माण | १५० | पटक | १ | १ | १०० | १४२.२५९ | ९४.८४ |
| ८ | दुर्गा प्र.वि वालविकास बसाइ तथा सिकाइ सामाग्री व्यवस्थापन | ५० | पटक | १ | १ | १०० | ५०.००० | १००.०० |
| ८.१.२४ | विद्यालयहरूको आवश्यकतामा आधारित रही भौतिक तथा शैक्षिक पूर्वाधार विकास, मर्मत सम्भार एवम् शैक्षिक सामग्री व्यवस्थापन | ७७० | पटक | १ | १ | १०० | ५४९.९९० | ७१.४३ |
| ८.१.२५ | नमुना प्रयोगशाला पूर्वाधार निर्माण | ४५०० | पटक | १ | १ | १०० | ३१०४.५८६ | ६८.९९ |
| ८.१.२६ | बहुप्राविधिक शिक्षालय | ० | पटक | १ | १ | १०० | ०.००० | ० |
| ८.१.२७ | जनता अमरसिद्ध मा.वि. लुसलहरी पूर्वाधार निर्माण | ९०० | पटक | १ | १ | १०० | ८९३.६२४ | ९९.२९ |
| ८.१.२८ | जनता मा.वि.हर्दिया पूर्वाधार निर्माण | ५०० | पटक | १ | १ | १०० | ४९७.६५४ | ९९.५३ |
| ८.१.२९ | नवजागरण मा.वि. कम्पाउण्ड निर्माण | ७०० | पटक | १ | १ | १०० | ६७४.७४४ | ९६.३९ |

| क.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.१.३० | जनता मा.वि. इटौरा शौचालय मर्मत | ३०० | पटक | १ | १ | १०० | २८५.९६० | ९५.३२ |
| ८.१.३१ | सरस्वती आ.वि.नयाँबेलहानी पूर्वाधार निर्माण | ६०० | पटक | १ | १ | १०० | ५८०.२४८ | ९६.७१ |
| ८.१.३२ | यादव मा.वि. तमासपुर पूर्वाधार निर्माण | ६०० | पटक | १ | १ | १०० | ४९३.८६६ | ८२.३१ |
| ८.१.३३ | ज्ञानोदय मा.वि. हर्वास्टार पूर्वाधार निर्माण | ८०० | पटक | १ | १ | १०० | ८००.००० | १००.०० |
| ८.१.३४ | निर्देशन समिति, कार्यान्वयन समिति र CSRC लगायतको वैठक सञ्चालन | १०० | वटा | ३ | ३ | १०० | ९७.८०० | ९७.८० |
| ८.१.३५ | शिक्षकहरूका लागि पुनर्ताजगी तालिम | ५०० | पटक | १ | १ | १०० | ५००.००० | १००.०० |
| ८.१.३६ | विद्यालयस्तरीय अभिभावक प्रशिक्षण | १५० | पटक | १ | १ | १०० | १४९.५५० | ९९.७० |
| ८.१.३७ | तालिम मोडुल निर्माण (MHRT र CHT तालिम सञ्चालनका लागि) | ५० | पटक | १ | १ | १०० | ४८.८०० | ९७.६० |
| ८.१.३८ | MHRT र SHRT हरूका लागि प्राविधिक सहयोग सम्बन्धी तालिम | ५० | पटक | १ | १ | १०० | ४४.८५० | ८९.७० |
| ८.१.३९ | सिकाइ आदानप्रदान अन्तरविद्यालय भ्रमण | ५० | पटक | १ | १ | १०० | ५०.००० | १००.०० |
| ८.१.४० | कक्षा अवलोकन तथा नमूना कक्षा प्रदर्शन एवम् शिक्षक प्राविधिक सहायता | २०० | विद्यालय संख्या | ६५ | ६५ | १०० | १३२.००० | ६६.०० |
| ८.१.४१ | CSRC सञ्चालन तथा व्यवस्थापन | १५० | पटक | १ | १ | १०० | १५०.००० | १००.०० |
| ८.१.४२ | Baseline र Endline सर्वे | २०० | पटक | २ | २ | १०० | १९२.९९४ | ९६.५० |
| ८.१.४३ | हाम्रो खुसी प्रवर्द्धन कार्यक्रम | ३०० | पटक | १ | ० | ० | २९१.५४० | ९७.१८ |
| ८.१.४४ | सिकाइ आदानप्रदान तथा क्षमता विकास | ३०० | पटक | १ | १ | १०० | २८९.६२८ | ९६.५४ |
| ८.१.४५ | हाम्रो खुसी शुक्रवार | ४०० | पटक | १ | ० | ० | ४००.००० | १००.०० |
| | नवजागरण डिग्री क्याम्पस संचालन छात्रवृत्ति | ० | पटक | ० | ० | ० | ०.००० | ०.०० |

| क.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.१.४६ | कार्यालय सहायक कर्मचारी व्यवस्थापन CSRC | २४ | महिना | १२ | ० | ० | ०.००० | ०.०० |
| | शैक्षिक सुधार कार्यक्रम (प्रविधि विकास) | ३०० | पटक | १ | १ | १०० | ०.००० | ०.०० |
| **८.३** | **युवा तथा खेलकुद** | **५,२५०.००** | | | | | ३८१४.९०८ | ७२.६६ |
| ८.३.०१ | लागु पदार्थ दुर्व्यसन विरुद्ध युवाहरुलाइ सचेतीकरण कार्यक्रम | १०० | पटक | १ | १ | १०० | ६४.२९० | ६४.२९ |
| ८.३.०२ | अन्तर्राष्ट्रिय युवा दिवस कार्यक्रम | ० | पटक | १ | १ | १०० | ०.००० | ०.०० |
| ८.३.०३ | युवा लक्षित विविध कार्यक्रम सञ्चालन | २५० | पटक | १ | १ | १०० | १४.४०० | ५.७६ |
| ८.३.०४ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता | ६०० | पटक | १ | १ | १०० | ५९९.३४२ | ९९.८९ |
| ८.३.०५ | नगरस्तरीय फुटबल | ३५० | पटक | १ | १ | १०० | ३४९.१५० | ९९.७६ |
| ८.३.०६ | नगरस्तरीय भलिबल | ३०० | पटक | १ | १ | १०० | २९९.२३० | ९९.७४ |
| ८.३.०७ | नगर कप क्रिकेट प्रतियोगिता | २५० | पटक | १ | १ | १०० | २४९.४४० | ९९.७८ |
| ८.३.०८ | नगरस्तरीय व्याडमिन्टन | २०० | पटक | १ | १ | १०० | १९७.३८० | ९८.६९ |
| ८.३.०९ | मार्सल आर्ट प्रतियोगिता | १५० | पटक | १ | १ | १०० | १४८.२०० | ९८.८० |
| ८.३.१० | एथ्लेटिक्स प्रतियोगिता | १५० | पटक | १ | १ | १०० | १३५.००० | ९०.०० |
| ८.३.११ | अपांगहरूलाई खेलकुद कार्यक्रम | १०० | पटक | १ | १ | १०० | ८४.००० | ८४.०० |
| ८.३.१२ | विद्यालय फुटबल | १०० | पटक | १ | १ | १०० | ०.००० | ०.०० |
| ८.३.१३ | तालिम, प्रशिक्षण तथा सम्मान कार्यक्रम | २०० | पटक | १ | १ | १०० | १५०.३०० | ७५.१५ |
| ८.३.१४ | खेल प्रवर्धन तथा प्रोत्साहन | ३०० | पटक | १ | १ | १०० | २८२.४८० | ९४.१६ |
| ८.३.१५ | नगर खेलकुद विकास समिति परिचालन | २०० | पटक | १ | १ | १०० | ९४.१०० | ४७.०५ |
| ८.३.१६ | खेल शिक्षकको क्षमता अभिवृद्धि | २०० | पटक | १ | ० | ० | ०.००० | ०.०० |

| क.स | शिर्षक | विनियोजित रकम (रु हजारमा) | इकाई | भौतिक प्रगति | | | वित्तीय प्रगति | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| ८.३.१७ | चोरमारा कभर्ड हल | २०० | पटक | १ | १ | १०० | १८४.८४५ | ९२.४२ |
| ८.३.१८ | बिन्देश्वरी खेल मैदान निर्माण | ७०० | पटक | १ | १ | १०० | ६७०.९४२ | ९५.८५ |
| ८.३.१९ | बाघखोर कभर्ड हल स्तरोन्नती | ६०० | पटक | १ | ० | ० | ०.००० | ०.०० |
| ८.३.२० | अरुणखोला कभर्ड हल | २०० | पटक | १ | १ | १०० | १९१.८०९ | ९५.९० |
| ८.३.२१ | खेलकुद सामग्री खरिद | १०० | पटक | १ | १ | १०० | १००.००० | १००.०० |
| | शिक्षा, युवा तथा खेलकुद तर्फ | ४५,३३८.०० | | | | | ३८,४६०.३४ | ८४.८३ |

## ६. प्रमुख उपलब्धिहरु

आ.व. २०८१।०८२ मा शिक्षा, युवा तथा खेलकुद तर्फ सम्पादन गरिएका प्रवर्तनात्मक कार्य तथा असल अभ्यास देहायअनुसार रहेका छन् :

- हाम्रो खुसी शैक्षिक सुधार परियोजना कार्यक्रम संचालन तथा माननीय मन्त्रीज्युको प्रमुख आतिथ्यतामा समुद्घाटन
- खुसी शुक्रवार कार्यक्रम संचालन
- शैक्षिक क्यालेण्डर प्रकाशन र कार्यान्वयन
- सूचना प्रविधि सम्बन्धमा शिक्षकहरूका लागि क्षमता विकास
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष र प्रधानाध्यापकहरूका लागि क्षमता विकास कार्यशाला सञ्चालन
- कक्षा ५ को सिकाइ उपलब्धि परीक्षण ।
- कक्षा १ देखि ५ सम्म अंग्रेजी माध्यम शिक्षणका लागि निशुल्क पाठ्यपुस्तक व्यवस्थापन सहयोग
- बालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरूलाई नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकका अतिरिक्त थप तलव व्यवस्थापन
- शिक्षक दरवन्दी कम भएका विद्यालयहरूमा नगरतर्फबाट शिक्षण सहयोग अनुदान
- शिक्षक तालिम तथा क्षमता विकास : आधारभूत र माध्यमिक तहको गणित र बिज्ञान विषयको विषयगत तालिम, सूचना प्रविधि, विषयगत तालिम, आदि ।
- उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालय सम्मान एवम् पुरस्कार
- विद्यालयको आवश्यकतामा आधारित पूर्वाधार विकास कार्यक्रम
- प्रकाशन : शैक्षिक बुलेटिन (बार्षिक), शैक्षिक क्यालेण्डर
- नमुना गणित तथा विज्ञान प्रयोगशाला उद्घाटन

## ७. मुख्य समस्या

- संघीय र प्रदेश कानुनको निर्माण नहुँदा कार्यसम्पादनका लागि अधिकारको स्पष्टता नहुनु
- संविधान र अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐनले गरेको व्यवस्था अनुसार निशुल्क र अनिवार्य शिक्षाको प्रत्याभूति गराउन नसक्नु,
- तालिम तथा क्षमता विकासका लागि जनशक्तिको व्यवस्थापन गर्न कठिनाइ
- शैक्षिक कार्यक्रम तथा विद्यालय र कक्षाकोठाको नियमित अनुगमन, सुपरिवेक्षण तथा नियमन गर्नु, सोका लागि आवश्यक जनशक्तिको व्यवस्थापन र क्षमता विकास गर्न कठिनाइ
- पाठ्यपुस्तक विकास, योजना तथा विभिन्न दस्तावेजहरू निर्माण गर्नका लागि आवश्यक तालिमको अभाव।
- *IEMIS* लगायत विभिन्न सफ्टवेयर सिस्टमहरूमा परिवर्तन भइरहने, ती सफ्टवेयरहरूमा रहेका अव्यवहारिक व्यवस्थाहरूका कारणबाट ती कार्य सम्पादन गर्न कठिनाइ

## ८. शिक्षा क्षेत्रका समस्या समाधानका उपायहरु

| सि.नं. | समस्या समाधानका उपाय | प्रक्रिया | जिम्मेवारी | | कैफियत |
|---|---|---|---|---|---|
| | | | मुख्य निकाय | सहयोगी निकाय | |
| १ | न्यूनतम शिक्षक दरवन्दीको व्यवस्थापन गर्ने | नि.मा., माध्यमिक र उ.मा.विमा थप शिक्षक दरवन्दी प्रदान | संघीय सरकार | नगर कार्यपालिका | |
| २ | शैक्षिक गुणस्तर अभिवृद्दि गर्ने | विद्यालय व्यवस्थापनमा सुधार, पठनपाठनमा नियमितता, शिक्षकको कक्षाकोठामा विताउने समय वृद्दि, अनुगमन मूल्यांकन तथा पेसागत सहयोग र पुरस्कार एवम् दण्डको व्यवस्था गरेर | विद्यालय | शिक्षा महाशाखा | |
| ३ | शिक्षामा लगानी वृद्दि गर्ने | गुणस्तरमा लगानीका क्षेत्र पहिचान र स्रोत पहिचान गरी लगानी गर्ने | नगरपालिका | विद्यालय व्यवस्थापन समिति | |
| ४ | विद्यालय एकीकरण समायोजन | निश्चित मापदण्ड निर्माण गरी विद्यालय एकीकरण समायोजन गरेर | नगर शिक्षा समिति, कार्यपालिका | वडा शिक्षा समिति | |
| ५ | शिक्षक, प्रधानाध्यापक र वि.व्य.स.को क्षमता अभिवृद्धि गर्ने | शिक्षक र प्र.अ.लाई शिक्षण सिकाइका नवीन तरिका र प्रविधिसँग क्षमता विकास र व्यवस्थापन समितिको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम सञ्चालन गरेर | शिक्षा तालिमक केन्द्र, नगर कार्यपालिका, शिक्षा समिति | शिक्षा महाशाखा | |
| ६ | विद्यालय सुशासनको प्रत्याभूति दिने | सामाजिक र लेखा परीक्षणका साथै जवाफदेही प्रणालीको स्थापना र अनुगमन मूल्यांकनलाई प्रभावकारी बनाएर | शिक्षा महाशाखा | वडा शिक्षा समिति, वि.व्य.स. र प्रधानाध्यापक | |
| ७ | विद्यालयको भौतिक पूर्वाधार सवल बनाउने | विद्यालयको भौतिक पूर्वाधार आवश्यकताको पहिचान गरी योजनाबद्ध रुपमा कार्यान्वयन गरेर | संघीय सरकार र नगरपालिका | शिक्षा महाशाखा र वि.व्य.स | |
| ८ | अनुगमन मूल्यांकन र नियमनलाई प्रभावकारी बनाउने | समूह अनुगमन र विज्ञ समूहको परिचालन गरी कार्यान्वयन गरेर | शिक्षा महाशाखा | वि.व्य.स. र प्र.अ. | |

## मध्यविन्दु नगरपालिका कृषि विकास शाखाको

## आ.व.२०८१।८२ को प्रगति विवरण

| कार्यक्रम | वार्षिक बजेट रु हजारमा | वार्षिक वित्तीय खर्च विवरण | वार्षिक वित्तीय खर्च प्रतिशत |
|---|---|---|---|
| नगरस्तरीय वार्षिक कार्यक्रम | १२००० | ८७०७.४८ | ७२.५६ |
| सर्शत अनुदान कार्यक्रम | २८३५ | २२०२.८६ | ७७.७० |
| मुख्यमन्त्री नवप्रर्वद्धन कार्यक्रम | १०००० | ६८९४.१० | ६८.९४ |
| कुल जम्मा | २४८३५ | १७८०४.४३ | ७१.६९ |

## नगरस्तरीय वार्षिक कार्यक्रम

| क.सं | कार्यक्रम र आयोजनाको नाम | वार्षिक बजेट | खर्च रकम रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | फुल खेति प्रवर्द्धन कार्यक्रम | २००.०० | १८५.४२ | ९२.७१ | |
| २ | फलफुल बगैंचा विस्तार तथा पुरानो बगैंचा सुधार कार्यक्रम | ५००.०० | ४७२.९६ | ९४.५९ | |
| ३ | तरकारी खेति प्रवर्द्धन कार्यक्रम | ५००.०० | ३९७.३० | ७९.४६ | |
| ४ | मसला वाली प्रवर्द्धन कार्यक्रम | २००.०० | १०४.९४ | ५२.४७ | |
| ५ | खायन आलु प्रवर्द्धन कार्यक्रम | १२००.०० | १०६४.७१ | ८८.७३ | |
| ६ | हरियोमकै पकेट विकास कार्यक्रम | ४००.०० | ३६४.०३ | ९१.०१ | |
| ७ | उत्कृस्ट कृषक/ कृषि फर्म सम्मान कार्यक्रम | २००.०० | ०.०० | ०.०० | |
| ८ | मागमा आधारित स्थलगत तालिम संचालन | ५०.०० | २१.४० | ४२.८० | |
| ९ | सन्दर्भ सामग्री तथा जनचेतना मुलक सामग्री छपाई | १००.०० | २१.१९ | २१.१९ | |
| १० | सिकाई केन्द्र स्थापना तथा संचालन | २००.०० | १८८.९४ | ९४.४७ | |
| ११ | कृषि विकास कार्यक्रम सम्बन्धी सरोकारवालाहरु सँग अभिमुखीकरण | ५०.०० | ५०.०० | १००.०० | |
| १२ | कृषि लाइब्रेरी स्थापना | २५०.०० | ०.०० | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | कृषि व्यवसाय सबलीकरण कार्यक्रम | ६००.०० | ५०२.१९ | ८३.७० | |
| १४ | मध्यविन्दु कृषि उपज सङ्कलन केन्द्र संचालनको लागि बीउ पुजी सहयोग | १००.०० | | ०.०० | |
| १५ | ८५% अनुदानमा कम्बाइण्ड हार्वेस्टर तथा धान रोप्ने मेसिन वितरण | ४९००.०० | ४६६३.९५ | ९५.१८ | |
| १६ | सहभागितामुलक गुणस्तर सुनिश्चित प्रणाली द्वारा खेति (वडा नं १४) | ५०.०० | ४५.७५ | ९१.५० | |
| १७ | सुरक्षित विषादी प्रयोग सम्बन्धी सचेतना कार्यक्रम | ७०.०० | ०.०० | ०.०० | |
| १८ | OJT तथा इन्टर्न परिचालन | १५०.०० | ०.०० | ०.०० | |
| १९ | परिक्षणमा आधारित निशुल्क कृषि चुन सहयोग | १००.०० | ९९.६० | ९९.६० | |
| २० | प्राकृतिक प्रकोप राहत प्याकेज | २००.०० | ०.०० | ०.०० | |
| २१ | जैविक मल परिक्षण ल्याव | ८००.०० | ०.०० | ०.०० | |
| २२ | आकस्मिक बाली संरक्षण | २००.०० | ०.०० | ०.०० | |
| २३ | कार्यविधि निर्माण कृषि | ३०.०० | ०.०० | ०.०० | |
| २४ | नियमित बैठक (आर्थिक विकास समिति/ कृषि विकास निर्देशक समिति) | १००.०० | ९६.४० | ९६.४० | |
| २५ | अनुगमन तथा मुल्यांकन (समिक्षा सहित)कृषि | १००.०० | ९४.४५ | ९४.४५ | |
| २६ | कार्यक्रम अनुसार ढुवानी कृषि | १००.०० | ८४.२५ | ८४.२५ | |
| २७ | मध्यविन्दु कृषि प्रविधि प्रदर्शनी तथा रैथाने खाना महोत्सव | २५०.०० | २५०.०० | १००.०० | |
| २८ | उत्पादित वस्तुहरुको भण्डारणको लागि शित भण्डार ढुवानी तथा भण्डारण सहयोग | १००.०० | ०.०० | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | निशुल्क एभोकाडो बेर्ना वितरण तथा ढुवानी (वडा ६ देखि १५) | ३००.०० | ०.०० | ०.०० | |
| कुल जम्मा | | १२०००.०० | ८७०७.४८ | ७२.५६ | |

## सर्शत अनुदान कार्यक्रम

| क्र.सं | कार्यक्रम र आयोजनाको नाम | वार्षिक बजेट | खर्च रकम रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | किसान सूचीकरण कार्यक्रम | २००.०० | १९३.६० | ९६.८० | |
| २ | कृषि,पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | ६०.०० | | ०.०० | |
| ३ | उन्नत बीउ वितरकलाई प्रोसाहान अनुदान | १५०.०० | | ०.०० | |
| ४ | सूचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुयमन निरिक्षण | १५०.०० | ८९.३८ | ५९.५८ | |
| ५ | खाद्यान बालीको उन्नत बीउ उपयोगमा अनुदान (धान गहूँ) | १०७५.०० | ७४१.६० | ६८.९९ | |
| ६ | आ.व २०८१/०८२ मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रम संचालन | १२००.०० | ११७८.२८ | ९८.१९ | |
| कुल जम्मा | | २८३५.०० | २२०२.८६ | ७७.७० | |

## मुख्यमन्त्री नवप्रर्वद्धन कार्यक्रम

| क्र.सं | कार्यक्रम र आयोजनाको नाम | वार्षिक बजेट | खर्च रकम रु | प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रिन्टर सहित कम्पुटर सेट | १४०.०० | १३९.८० | ९९.८६ | |
| २ | वातानुकुलित गर्नका लागि AC | १४०.०० | १३९.२२ | ९९.४४ | |
| ३ | Furnishing | १५०.०० | १४४.६४ | ९६.४३ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | Powder Making Unit (Dryer and powder making unit)(Ginger/Turmeric and other Spices) | ५००.०० | ३४६.०० | ६९.२० | |
| ५ | Screening and sorting Unit (Manual Sorting Area) | २०५.०० | | ०.०० | |
| ६ | Pickle Making Unit (Lemon, Mango etc.) | ५५०.०० | १६७.५० | ३०.४५ | |
| ७ | Packaging Machine/ Materials | २५०.०० | ४६.५० | १८.६० | |
| ८ | बाली संरक्षण सम्बन्धी सामग्री खरिद | २७०.०० | २१७.९२ | ८०.७१ | |
| ९ | प्लास्टिक टनेल निर्माण | १५००.०० | १४७५.४७ | ९८.३६ | |
| १० | स्थानीय बिक्री कक्ष निर्माण | १०००.०० | ९५४.९१ | ९५.४९ | |
| ११ | स्थानीय बिक्री कक्षमा Furnishing | ३००.०० | २९९.०० | ९९.६७ | |
| १२ | जैविक खेती समबन्धि तालिम (वित्तीय साक्षरता कक्षा सहित -२५ सहभागी) | ४५०.०० | ४०५.२० | ९०.०४ | |
| १३ | उन्नत खेती प्रविधि तथा प्रसोधन सम्बन्धी तालिम (वित्तीय साक्षरता कक्षा सहित -२५ सहभागी) | ७५०.०० | ५६३.१० | ७५.०८ | |
| १४ | कृषि उपकरण संचालन तथा मर्मत सम्बन्धी तालिम (वित्तीय साक्षरता कक्षा सहित -२५ सहभागी) | २५.०० | | ०.०० | |
| १५ | MSDBIC मार्फत उद्यमीको लागि लागि विज्ञ सँग आवश्यक अन्तरक्रिया तथा परामर्श | २४०.०० | | ०.०० | |
| १६ | जैविक खेती सम्भाव्यता अध्ययन | १५०.०० | | ०.०० | |
| १७ | PGS समिति परिचालन | ८०.०० | | ०.०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | प्रचार प्रसार तथा बजारीकरण | ३००.०० | ०.०० | ०.०० | |
| १९ | योजना सहजकर्ता | ३२०.०० | ११६.८३ | ३६.५१ | |
| २० | Soil Testing laboratory Setup | ८५०.०० | ७५९.३६ | ८९.३४ | |
| २१ | उपकरण ढुवानी | ५००.०० | १००.०० | २०.०० | |
| २२ | बीउ, जैविक मल तथा अन्य वितरण सामग्री खरिद | ९००.०० | ८४२.६५ | ९३.६३ | |
| २३ | कृषि उपकरण संचालन तथा मर्मत सम्बन्धी तालिम (वित्तीय साक्षरता कक्षा सहित -२५ सहभागी) | ५०.०० | | ०.०० | |
| २४ | जैविक खेति सम्बन्धी मापदण्ड तथा कार्यविधि निर्माण | ५०.०० | | ०.०० | |
| २५ | सार्बजनिक सुनुवाई , सूचना पाटी समेत | ३३०.०० | १७६.०० | ५३.३३ | |
| कुल जम्मा | | १००००.०० | ६८९४.१० | ६८.९४ | |

**असल अभ्यासहरु**

- स्थानीय कृषकबीच व्यावसायिक फूल उत्पादन प्रोत्साहित गर्न तालिम, प्राविधिक परामर्श, गुणस्तरीय बीउ र आवश्यक सामग्री उपलब्ध गराइ कृषकको आम्दानी बढाउन र स्थानीय बजारमा निरन्तर आपूर्ति सुनिश्चित गरियो।
- उत्पादनशील तरकारी बालीको उत्पादन वृद्धि र व्यावसायिक खेती प्रवर्द्धनका लागि आधुनिक कृषि प्रविधि, गुणस्तरीय बीउ र व्यवस्थित व्यवस्थापन तालिम प्रदान गरियो।
- कृषि सहकारी संस्थालाई आधुनिक यान्त्रिक उपकरण वितरण गरी धान रोपाइँ, काटाइ र थ्रेसिङको लागि सहज र लागत-सापेक्षताको लागि मेशिन वितरण गरि सञ्चालन गरियो।
- किसानलाई मापदण्डअनुसार मात्र विषादी प्रयोग, स्वास्थ्य सुरक्षा र वातावरणीय प्रभावबारे तालिम दिइयो।
- माटो परीक्षणको आधारमा आवश्यक पोषक तत्व सुधारका लागि निःशुल्क कृषि चुन वितरण गरियो, जसले बालीको उत्पादन क्षमता र गुणस्तर सुधारमा सहयोग पुर्‍याउनेछ।
- जैविक मलको गुणस्तर जाँच, प्रमाणिकरण र सुधारात्मक सुझाव उपलब्ध गराइ दिगो जैविक खेती प्रवर्द्धनमा सहयोग गरियो।

- किसानको नाम, क्षेत्रफल र बाली विवरण अभिलेखीकरण गरी अनुदान, तालिम र परियोजना व्यवस्थापनलाई व्यवस्थित बनाउनको लागि किसान सूचिकरण कार्यक्रम सञ्चालन गरियो।
- तरकारी पकेट सञ्चालनको लागि उच्च उत्पादन क्षमता भएका नयाँ तरकारी क्षेत्र पहिचान गरी उत्पादन, बजार र प्राविधिक सहयोग एकीकृत रूपमा प्रवर्द्धन गरियो।
- लसुन, प्याज लगायत व्यावसायिक मसला बाली खेती विस्तार गरी कृषकलाई तालिम, गुणस्तरीय बीउ र आवश्यक सामग्री उपलब्ध गराईयो।
६. समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु (असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु बुँदागत रूपमा, फोटो सहित प्रस्तुत गर्ने)

- सडक निर्माण कार्यमा स्तरोन्नति तथा मर्मत सम्भारमा प्राथमिकता दिइनेछ ।
- नगरपालिकाको कार्यालयसंग वडा कार्यालयहरु, स्थानीय सार्वजनिक कार्यालयहरु वीच सडक सञ्जाल बिकास गरी सेवाग्राहीहरुलाई सहजता प्रदान गरिनेछ ।
- ठूला आयोजनाहरुको डिपिआर तयार हुने गरेको

७.प्रमुख चुनौतीहरु

- निर्माण व्यवसायीले कार्यतालिका बमोजिम कार्य नगर्नु
- निर्माण स्थलमा स्थानीयहरुको अवरोधले निर्धारित समयमा कार्य सम्पन्न नहुनु
- प्राबिधिक ज्ञान आवश्यक पर्ने जटिल प्रकृतिका कार्य उपभोक्ता समितिबाट हुनु
- उपभोक्ता समितिले सम्झौता गरि निर्माण व्यवसायीबाट कार्य गराउनु

# २.  सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन इकाई

**पृष्ठभूमिः**

सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन ईकाइले सरसफाई प्रवर्द्धन र जैविक मल उत्पादन कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न कार्ययोजना बनाएर कार्यान्वयन गरिएको छ। यसले फोहोरमैला व्यवस्थापन ऐन, २०७९ र नगरपालिकाको सरसफाई प्रवर्द्धन तथा वातावरण संरक्षण सम्बन्धी नीतिको कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यस इकाईले समुदायमा सरसफाइको जनचेतना अभिवृद्धि गर्नुका साथै कुहिने फोहोरबाट जैविक मल उत्पादन गरी वातावरण संरक्षण, कृषि प्रवर्द्धन र रोजगारी सिर्जनामा योगदान पुऱ्याउने लक्ष्य राखेको छ।

**वार्षिक कार्यक्रमका उद्देश्य**

- स्वच्छ, सुरक्षित र स्वस्थ वातावरण प्रवर्द्धन गर्नु।
- जैविक फोहोरको व्यवस्थापन गर्दै त्यसबाट मल उत्पादन गर्नु।
- स्थानिय बासिन्दा र समुदायलाई सरसफाईमा सहभागी गराउनु।
- फोहोर संकलन, वर्गीकरण र प्रशोधन प्रणालीमा सुधार गर्नु।
- जैविक मलको प्रयोगलाई कृषिमा प्रोत्साहन दिनु।

**विद्यमान अवस्था**

सरसफाई प्रवर्द्धन तथा जैविक मल उत्पादन ईकाइले हरेक दिन घर घर बाट कुहिनी र न्कुहिनी फोहर छुट्टाछुट्टै संकलन गर्दैछ।यसमा कुहिने र नकुहिने फोहोरको उचित व्यवस्था गरिएको छ। नगरपालिकाले आर्थिक बर्ष २०८१/८२ मा मात्र ३४८०३ किलोग्राम जैविक मल उत्पादन गरिसकेको छ, साथै यसले रसायनिक मलको प्रयोगलाई विस्थापित गरेको छ।

**शाखासँग सम्बन्धित कानूनहरु**

- फोहोरमैला व्यवस्थापन ऐन, २०७९
- फोहोर व्यवस्थापन सामग्री वितरण सम्बन्धी कार्यविधि, २०७९

**वार्षिक कार्यक्रमको प्रगती**

| सि.न. | योजना/कार्यक्रम | रकम |
|---|---|---|
| क | आम्दानी | १,३६,०४,९८८/४८ |
| | सेवा शुल्क बाट | १,०५,८८,२९०/ |
| | कवाडी | २३,८५,७७५/४८ |
| | जैविक मल | ६,३०,९२३/ |
| ख | खर्च | |
| | जम्मा खर्च(चालु+पुँजी) | १६९३९३२९.१७/ |
| | संचालन खर्च | ११७५२०८४.२५/ |

**प्रमुख उपलब्धिहरुः**

- **जैविक मल उत्पादनमा उल्लेखनीय प्रगतिः** आर्थिक वर्ष २०८०/८१ मा २७,००० किलोग्राम र आर्थिक वर्ष २०८१/८२ मा ३४८०३ किलोग्राम जैविक मल उत्पादन गरियो। यो मलको प्रयोगले गुणस्तरीय कृषि उपज उत्पादनमा सुधार आएको छ।
- **जनचेतनामूलक कार्यक्रम सञ्चालनः** विद्यालय, टोल विकास संस्था र महिला समूहहरूसँग समन्वयमा सरसफाइ तथा फोहोर व्यवस्थापन सम्बन्धी चेतनामूलक अनुशिक्षण कार्यक्रम आयोजना गरिएको छ।
- **रिसाइक्लिंग र पुनःप्रयोगमा अग्रसरताः** फोहोरको पुनःप्रयोग र रिसाइक्लिंगका लागि नयाँ कार्यक्रमहरू लागू गरिएको छ।
- **स्थानीय रोजगारी सिर्जनाः** मल उत्पादन तथा फोहोर व्यवस्थापनका कार्यहरूमा ३५ जनाजनशक्तिलाई स्थायी वा अंशकालिक रूपमा रोजगार प्रदान गरिएको छ।
- **प्रदूषण नियन्त्रणः** फोहोर व्यवस्थापनले जल र वायुप्रदूषण कम गर्न मद्दत गरेको छ।
- **नयाँ प्रविधिको प्रयोगः** फोहोरको पुनःप्रयोगमा नयाँ प्रविधिहरू अपनाइएको छ, जसले उत्पादन प्रक्रियामा सुधार गरेको छ।
- **सामुदायिक सहभागिता बढ्दैः** १४४५० सफाई सदस्यहरूको सक्रियता।

**प्रमुख चुनौतीहरु**

- घरमै कुहिने र नकुहिने फोहोर छुट्याउने प्रवृत्ति न्यून हुँदा मल उत्पादनको प्रक्रिया प्रभावित भएको।

- सरसफाइ, फोहोर व्यवस्थापन र मलको प्रयोगबारे समुदायमा पर्याप्त ज्ञान र सहभागिता नभएको।
- कम्पोस्ट मल उत्पादनका लागि आवश्यक ठाउँको अभाव।
- अन्य सरोकारवालासँग पर्याप्त समन्वय नहुनु, जस्तै विद्यालय, बन समिति आदि सँग।
- वर्षात, गर्मी वा अन्य मौसमी प्रभावले फोहोर व्यवस्थापन तथा मल उत्पादनमा असर पुर्याएको।

## मध्यविन्दु नगरपालिका
# नगर कार्यपालिकको कार्यालय
चोरमारा, नवलपरासी (व.सु.पू.)

## राजस्व र कानून शाखा
## आ.व. २०८१/८२को वार्षिक समिक्षा

राजश्व शाखाको कार्यबिबरण (संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७९ एवम् कार्यालयले तोकेको कार्यबिबरण बमोजिम)

- ✓ राजश्व सम्बन्धि नीति, कानून तर्जुमा मा सहयोग गर्ने र सोको कार्वान्वयन र नियमन गर्ने
- ✓ नेपालको संविधानको अनुसुची ८ को क्र.स. ४ मा रहेका स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर दण्ड जरिवाना, मनोरंजन कर, मालपोत संकलन गर्ने
- ✓ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ घ  मा उल्लेख भए अनुसारका कर संकलन गर्ने
- ✓ स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन गर्ने
- ✓ स्थानीय राजश्व प्रवर्द्धन, राजश्व सूचना तथा तथ्याङ्कको व्यवस्थापन गर्ने

**शाखा संग सम्बन्धित कानूनी व्यवस्थाहरु**

- ✓ सालबसाली आर्थिक ऐन
- ✓ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७
- ✓ सम्पत्ती कर व्यवस्थापन कार्यविधि, २०७४
- ✓ व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७
- ✓ घर बहाल कर व्यवस्थापन कार्यविधि, २०७७

- ✓ सभाहल भाडामा दिने सम्बन्धी कार्यविधि, २०७७
- ✓ व्याक हो लोडर संचालन कार्यविधि, २०७७
- ✓ राजश्व सम्बन्धी अन्य संघिय तथा प्रादेशिक ऐन नियमहरु

**शाखाको संरचना**

| सि.न. | पद | तह | कर्मचारीको नाम थर | कैफियत |
|---|---|---|---|---|
| | | कानून शाखा | | |
| १ | वरिष्ठ सहायक | सहायक पाचौं | प्रेम बहादुर सारु | |

| | | | | |
|---|---|---|---|---|
| | | राजस्व शाखा | | |
| १. | वरिष्ठ सहायक | सहायक पाचौं | प्रेम बहादुर सारु | १५ वटा वडाका वडा सचिव र सहायक कम्प्युटर अपरेटर |
| २. | सहायक कम्प्युटर अपरेटर | सहायक चौथौं | अनन्तराम सापकोटा | |

## आ.व. २०८१/८२ को कार्यक्रम र प्रगति अवस्था

| सि.न. | क्रियाकलापको नाम | वार्षिक बजेट | प्रगती |
|---|---|---|---|
| १ | राजश्व परिचालन तथा राजश्व सुधार कार्ययोजना कार्यान्वयन | ३००,०००.०० | भएको (१४.४८%) |
| २ | राजश्व सम्बन्धी सचेतना कार्यक्रम | १००,०००.०० | नभएको |
| ३ | साना तथा घर उद्योग महासंघको समन्वयमा व्यवसाय प्रबर्द्धन कार्यक्रम | १,५०,०००.०० | नभएको |
| ४ | राजश्व आर्थिक ऐन सम्बन्धी तालिम | २००,०००.०० | भएको (१६.१०%) |

## आन्तरिक आय प्रक्षेपण र प्राप्तीको अवस्था

| सि.न. | शिर्षक नं. | आय शिर्षक नाम | आ.व.२०८१/८२ को अनुमानित रकम (रु.) | आ.व. २०८१/८२ को जम्मा संकलन रकम (रु.) | प्रगती प्रतिशत |
|---|---|---|---|---|---|
| | | क. कर राजस्व | २१,८००,०००.०० | २०,०४५,७२९.६६ | ९१.९५ |
| १ | ११३१३ | सम्पत्ती कर | ५,०००,०००.०० | १,५८८,२७०.६४ | ३१.७७ |
| २ | ११३१४ | भुमिकर(मालपोत) | ८,५००,०००.०० | ७,३३९,३०५.९३ | ८६.३४ |
| ३ | ११३२१ | घरवहाल कर | २,७००,०००.०० | ३,६०१,९४४.४४ | १३३.४१ |
| ४ | ११६१३ | व्यवसाय कर | ५,३००,०००.०० | ७,५१६,२०८.६५ | १४१.८२ |
| ५ | ११४७२ | विज्ञापन कर | ३००,०००.०० | - | ०.०० |
| | | ख. गैर कर राजस्व | १२८,९००,०००.०० | १००,१५२,६०३.३१ | ७७.७० |
| ७ | ११३२२ | वहाल विटौरी शुल्क (हाट बजार सहि | १,६५०,०००.०० | १,६२७,३६३.०० | ९८.६३ |
| ८ | १४२४३ | सिफारिस दस्तुर | १०,५००,०००.०० | ८,४८८,०९२.३६ | ८०.८४ |
| ९ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५५०,०००.०० | ९९१,५००.०० | १८०.२७ |
| १० | १४२४५ | नाता प्रमाणित दस्तुर | ७००,०००.०० | ६४६,७१३.०० | ९२.३९ |
| ११ | १४५२९ | अन्य राजस्व | १,१००,०००.०० | १२२,२५०.०० | ११.११ |
| | १४१७२ | नदीजन्य पदार्थ बिक्रि रोयल्टि | ६५,०००,०००.०० | ५१,४६४,४३५.१३ | ७९.१८ |
| १२ | १४३१२ | प्रशासनिक दण्ड जरिवाना | १,१००,०००.०० | १,४४७,५००.०० | १३१.५९ |
| १४ | १४२४२ | नक्सापास दस्तुर | १,३००,०००.०० | १,१६६,४८४.४३ | ८९.७३ |
| १५ | | विविध राजश्व | - | ५,७५४,९६३.१९ | |
| १६ | | घर जग्गा रजिष्ट्रेशन शुल्क | २५,०००,०००.०० | १६,६८६,५५६.०० | ६६.७५ |
| | | सरसफाई अन्य सेवा शुल्क तथा बिक्री | ९,०००,०००.०० | ११,७५६,७४६.२० | ९७.९७ |
| | | अन्य विक्री (जैविकमल नकुहिने फोह | ३,०००,०००.०० | | |
| | | वन व्यवस्थापनबाट प्राप्त रकम | १०,०००,०००.०० | - | |
| | | जम्मा (क+ख) | १५०,७००,०००.०० | १२०,१९८,३३२.९७ | ७९.७६ |

## विद्यमान अवस्था एवं प्रमुख उपलब्धिहरु (शाखासँग सम्बन्धित तथ्यांक एवम् सूचनाहरू)

- कानून
  - वडा कार्यालयको कार्यसम्पादन मुल्याङ्कन निर्देशिका, २०८१
  - मध्यविन्दस नगरपालिकाको शव वाहन सञ्चालन कार्यविधि, २०८१
  - सार्वजनिक निजि साझेदारी नीति, २०८१
  - सार्वजनिक सेवाको मापदण्ड, २०८१
  - मध्यविन्दु सन्देश पत्रिका प्रकाशन निर्देशिका, २०८१
  - कृषि उद्यमशिलता तथा जैविक खेति परियोजना परियोजना कार्यान्वयन म्यानुअल, २०८१
  - व्यावसायिक ऋणको लागि ब्याज खनुदान सम्बन्धी कार्यक्रम सन्चालन कार्यविधि, २०८१

## विद्यमान अवस्था एवं प्रमुख उपलब्धिहरु (शाखासँग सम्बन्धित तथ्यांक एवम् सूचनाहरू)

- **कानुन**
  - मध्यविन्दु नगरपालिकामा घरगोठ निर्माणको लागि निर्माणमुखी सामाग्री उपलब्ध गराउने सम्बन्धी कार्विधि, २०८१
  - मध्यविन्दु नगरपालिकाको जनता आवास कार्यक्रम कार्यान्वन कार्यविधि, २०८१
  - कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) आचार संहिता, २०८१
  - मध्यविन्दु नगरपालिका पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८१
  - २०८१मध्यविन्दु नगरपालिका नगर अस्पताल र स्वास्थ्य संस्था स्थापना तथा संचालन कार्यविधि २०७९ पहिलो संसोधन कार्यविधि (तीन महले ), २०८१
  - प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि छात्रवृत्ति व्यवस्थापन कार्यविधि

**राजश्व शाखा**

- **अवसरः**
  - राजश्व प्रशासनको संस्थागत विकास तथा करदाताको पहुँचमा वृद्धि
  - राजश्व प्रशासन सुचना प्रविधिमा आधारित भएकोले सुशासन, पारदर्शितामा वृद्धि हुँदै विद्युतिय शासनको अबलम्बनको प्रयास गरिएको,
  - कर सहभागितामा भएको बढोत्तरी सँगै करको दायरा विस्तार भएको
- **चुनौतीः**
  - करदातामा व्यवसायिकता, पारदर्शिता र सदाचारिता स्थापित गर्नु
  - करको दर भन्दा दायरा फराकिलो बनाउनु,
  - सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई राजश्वको आधार फराकिलो बनाउनु,
  - बहाल कर, विज्ञापन कर, हाटबजार, प्राकृतिक श्रोतका लागि आय ठेक्का व्यवस्थापन गर्नु,
  - राजश्व संकलनको लागी प्रयोगमा रहेको SuTRA प्रणालीमा आउने प्राविधिक समस्याको समाधान गर्नु,

## आ.व. २०८१/०८२ को गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको प्रगति विवरण

### मध्यविन्दु नगरपालिका,नवलपरासी (ब.सु.पू) को संक्षिप्त परिचय :

नेपालको पूर्व देखी पश्चिम सम्म फैलिएको ऐतिहासिक राजमार्ग महेन्द्र राजमार्गको ठिक मध्य भाग यस नगरपालिका पर्ने भएकोले यस नगरपालिकाको नाम मध्यविन्दु नगरपालिका रहन गएको हो । साविक कोल्हुवा,नारायणी र तम्सरिया गा.वि.स लाई मिलाई नेपाल सरकार मन्त्रिपरिषदको निर्णयबाट २०७२ असोज १ गते मध्यविन्दु नगरपालिका स्थापना भएको थियो । स्थानीय तह पुर्नसंरचना आयोगको सिफारिस अनुसार साविकका मैनाघाट,नयाँ बेलहानी ,प्रसौनी र राकाचुली गा.वि.स समेत समेटी २०७३ फाल्गुन २७ गते नेपालको संविधान २०७२ अनुसार ७ वटा गा.वि.स समेटेर मध्यविन्दु नगरपालिका बनेको हो ।

नवलपरासी (ब.सु.पू),मा १५ वटा वडाहरु मिलि मध्यविन्दु नगरपालिका बनेको हो । यस नगरपालिका २३३.३५ व.कि.मि. क्षेत्रफल ओगटेको छ । राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार मध्यविन्दु नगरपालिका भित्र १५,४३० घरधुरी रहेका छन् र १५,४३० घरधुरीमा महिला ३३,१११ र पुरुष २७,९८० गरी जम्मा जनसंख्या ६१,०९१ रहेको छ । अवस्थितिः अक्षांस २७ ६३ देखि उत्तर, देशान्तर ८४ ३५ पूर्व पर्दछ । यस नगरपालिकाको सिमाना पूर्व कावासोती नगरपालिका, पश्चिमा विनयी-त्रिवेणी गाउँपालिका, उत्तर हुप्सेकोट गाउँपालिका र पाल्पा जिल्ला, दक्षिण चितव राष्ट्रिय निकुञ्ज तथा नारायणी नदी अवस्थित छ । यस क्षेत्रका प्रमुख बजार चोरमारा, आरुणखोला,कोल्हुवा, पनौती, मदनपुर आदि । प्रमुख जाती ब्राम्हण,क्षेत्री,ठकुरी, थारु, मगर, तामाङ,गुरुङ,कुमाल, नेवार,भुजेल,बोटे,मुसहर,कामी, दमै, सार्की आदि । पर्यटकीय क्षेत्रको रुपमा लोहेसेधारा,चितवन राष्ट्रिय निकुञ्ज, नन्द भाउजु ताल, भुताह पर्यटन बन,भ्यूपोइन्ट टावर प्रकृतकि र सस्कृकि होमस्टे, आदि प्रख्यात रहेका छन । यस क्षेत्रका नगरवासीहरुले मान्ने मुख्य चार्डपर्व दशै,तिहार,ल्होसार, माघी होली,चण्डी पूर्णिमा आदि रहेका छन ।

### लघु उद्यम विकास कार्यक्रमको संक्षिप्त जानकारी

नेपाल सरकारले संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को आर्थिक तथा प्राविधिक सहयोगमा ग्रामिण समुदायहरुका लागि स्थानिय श्रोत साधनको परिचालन मार्फत स्थानीय स्तरमा नै रोजगारीको अवसरहरु सिर्जना गर्ने उद्देश्य राखि सन् १९९८ ( वि.स.२०५५ ) मा लघु उद्यम विकास कार्यक्रम ( मेडेप ) १० जिल्लामा परिक्षणको रुपमा सुरु भएको हो । गरिवीको रेखामुनि रहेका वर्गहरुलाई लक्षित गरिएको यो कार्यक्रमले चरणवद्ध तथा एकीकृत सेवाहरु मार्फत व्यवसायिक सेवाहरु प्रदान गर्ने लघु उद्यम विकास मोडेलमा उद्यमी सिर्जना गर्न सफलता प्राप्त गऱ्यो । कार्यक्रमको सफलता पश्चात् सन् २००४ देखि २००८ सम्मको लागि लघु उद्यम विकास कार्यक्रम दोस्रो चरणको रुपमा २५ जिल्लाहरुमा विस्तार भई कार्यान्वयनमा रहयो । दोस्रो चरणमा वेलायत सरकारको अन्तराष्ट्रिय विभाग ( DFID ), न्युजिल्याण्ड सरकार ( NZAID ) र अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था ( Aus AID ) को सहयोग रहेको थियो ।

मेडेपको प्रथम र दोस्रो चरणको सफलता तथा प्रभावकारीता पश्चात् नेपाल सरकारले पुनःसंयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) को अगुवाइमा अष्ट्रेलियन सरकारको अन्तराष्ट्रिय विकास संस्था ( Aus AID ) र क्यानडा सरकारको अन्तराष्ट्रिय विकास संस्था ( CIDA ) को वित्तीय सहयोगमा मेडेपको तेस्रो चरण सन् २००८ देखि २०१३ सम्मका लागि कार्यान्वयनमा रहेको थियो । यो अवधिमा कार्यक्रम थप १३ जिल्लामा विस्तार भई ३८ जिल्ला पुग्यो । यो कार्यक्रमको सफलता तथा

प्रभावकारीताबाट आ.व २०६६/०६७ ( सन् २००९ ) देखि नेपाल सरकारले यस कार्यक्रमले विकास गरेको लघु उद्यम विकास मोडेललाई आन्तरिकिकरण गरी गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको रुपमा आफ्नै स्रोतबाट संचालन ( मेडपा ) गर्ने गरी तत्कालिन उद्योग मन्त्रालय मार्फत १८ जिल्लाबाट शुरुवात भई ४५ जिल्लामा कार्यक्रमको विस्तार भयो । यसै क्रममा तत्कालिन जिल्ला विकास समिति र  स्थानिय निकायहरुले समेत आफ्नै स्रोत विनियोजन गरी यस लघु उद्यम विकास मोडेललाई आन्तरिकीकरण गरी संचालन गरेको थियो ।

नेपाल सरकार र स्थानीयस्तरमा लघु उद्यम विकास मोडेल आन्तरिकीकरण भैरहेको परिप्रेक्ष्यमा मेडेपा कार्यक्रमलाई संस्थागत गरी ७५ वटै जिल्लामा विस्तार गरी निरन्तरता दिनका लागि नेपाल सरकारले २०७० मा गरिवी निवारणका लागि लघु उद्यम विकासका लागि ५ वर्षे रणनीतिक योजना ( २०७०/०७१-२०७४/०७५ ) स्विकृत गरी यसको कार्यान्वयनका लागि गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७० जारि गर्‍यो । नेपाल सरकारले लद्यु उद्यम विकास मोडेललाई मेडपाको रुपमा आन्तरिकीकरण गरिसकेपछि यसलाई संस्थागत गर्ने र यसका सरोकारवालारुको संस्थागत क्षमता अभिवृद्धि गर्नको लागि (UNDP) र अष्ट्रेलियन सरकारको विदेशी तथा व्यापार विभाग (DFAT) को सहयोगमा चौथो चरणको सन् २०१३ देखि जसलाई २०१८ सम्म कार्यान्वयन भयो । यस चरणमा मेड्पा कार्यक्रम ७७ वटै जिल्लामा विस्तार भई कार्यन्वयनमा रहयो साथै मेडेप परियोजना सन् २०१८ जुलाई देखि बहिर्गमन भयो ।

जुलाई २०१८ मा मेडेपको वहिर्गमन पश्चात् आ.व. २०७५/०७६ देखि नेपाल सरकारले मेड्पा कार्यक्रमलाई निरन्तरता दिई थप विस्तारका साथ करिव ७५३ वटै स्थानिय तहमा कार्यक्रम संचालनमा छ । सरकारले आर्थिक वर्ष २०७७/०७८ मा गरिवी निवारणको लागि लघु उद्यम विकास  कार्यक्रम मेड्पा ७५३ वटैं स्थानिय तहमा  कार्यान्वयन गर्न सर्शत अनुदानका रुपाम वजेट विनियोजन गरेको छ ।

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) परिचय :**

लघु उद्यमको र प्रवर्द्धनको माध्यमबाट गरिवी निवारणमा सहयोग पुर्यायने उद्देश्यले नेपाल सरकारले स्वीकृत गरेको एक कार्यक्रम नै गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम हो । स्थानीय तहमा प्रभावकारी तथा व्यवस्थित रुपमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) संचालन निर्देशिका, २०७७ स्वीकृत गरी लागु गरिएको छ । सोही निर्देशिका बमोजिम मध्यविन्दु नगरपालिकाले उद्यम विकास सहजकर्ता आ.व २०७५/०७६ बाट नियुक्ति गरि कार्यक्रम संचालन गर्दै आइरहेको छ । लघु उद्यम भन्नाले :

१.घर जग्गा बाहेक बढी बिस लाख रुपैयाँ सम्मको स्थिर पुजिँ रहेको ,

२.उद्यमी स्वयमले उद्योग संचालन र व्यवस्थापनमा संग्लन रहेको ,

३.उद्यमी सहित बढीमा नौ जना सम्म कामदार रहेको ,

४.वार्षिक कारोवार एक करोड भन्दा कम रहेको ,

५.ईन्जिन उपकरण वा मेशिनको प्रयोग गरेको भएमा विधुत ऊर्जा खपत बीस किलोवाट भन्दा कम रहेको ।

❖ . **कार्यक्रमको पृष्ठभूमी** :

नवलपारासी (ब.सु.पू) जिल्ला मध्यविन्दु नगरपालिकामा सामाजिक तथा आर्थिक रुपमा उत्पिडनमा परिएका समुदाय दलित, महिला, जनजाति, आर्थिक हिसावले विपन्न, किसान, मजदुर, वेरोजगार व्यक्ति, वैदेशिक रोजगारिबाट फर्किएर आएका व्यक्ति, एकल महिला , मुस्लिम आदि वर्गलाई स्थानिय स्तरमा उपलब्ध श्रोत साधन र सिपमा आधारित उद्यमको माध्यमबाट रोजगारि सिर्जना गर्न, निर्वाहमुखि परम्परागत कृषिलाई व्यवसायिक कृषिमा रुपान्तरण गर्न, व्यवसायिक पशुपंक्षी पालनको विकास र प्रवर्द्धन गर्न, पर्यटन व्यवसायको विकास र प्रवर्द्धन गर्न, वन पैदावारमा आधारित उद्यम व्यवसाय लगायतका अन्य विभिन्न क्षेत्रमा उद्यम व्यवसायमा आकर्षित गरि आर्थिक समृद्धि हासिल गर्नु अहिलेको आवश्यकता रहेको छ । यसै कुरालाई दृष्टिगत गरि यस नगरपालिकाको मेड्पा शाखा आ.व. २०८१/०८२ मा गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम ( मेड्पा ) को प्रगति प्रतिवेदन तयार पारेकी छु ।

**कार्यक्रमको उद्देश्य :**

१. स्थानीय स्रोत, सीप र साधनको उपयोग गर्ने ,

२. स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ,

३. युवाहरुको आप्रवासनलाई निरुत्साहित गरी ग्रामीण क्षेत्रमै रोजगारीको सिर्जना गर्ने । वार्षिक करिव ८० हजार जना कामको खोजिमा आउने ।

४.गरीवको आर्यआर्जनमा वृद्धि गरी गरीव र धनी बीचमा आयको खाडल हटाउने ।

५.महिला र सामाजिक रुपमा पछाडि परेका समुदायको आर्थिक सशक्तिकरण गर्ने ।

६. आत्मनिर्भरतामा वृद्धि गर्ने ।

७. स्वास्थ्य, शिक्षा जस्ता आधारभुत आवश्यताको परिपूर्ति गर्ने ।

८.समुन्नत समाजको निमार्ण गर्ने ।

**उद्यम विकास शाखाले संचालन गरेका मुख्य मुख्य कार्यहरु :**

**(क). नयाँ लघु उद्यमी सिर्जना तर्फ :**

१. प्रारम्भिक सर्वेक्षण तथा बजार श्रोत सम्भाव्यता अध्ययन ।

२. कार्यक्रमबारे अभिमुखिकरण ।

३. सहभागितामुलक ग्रामिण लेखाजोखा ।

४.घरधुरी सर्वेक्षण ।

५.समूह निमार्ण र क्षमता अभिवृद्धि ।

६.उद्यमशिलता विकास तालिम संचालन ।

७.प्रविधिक सिप विकास तालिम संचालन ।

८.लघु वित्तमा पहुँच तालिम संचालन ।

९. प्रविधि हस्तान्तरण कार्य

१०.लघु उद्यम नीति सम्बन्धमा सुशिचित वकालत र पैरवी ।

११.तथ्याङ्क विवरण अध्यावधिक गर्ने कार्य ।

**(ख) भईरहेका लघु उद्यमीहरुको स्तरउन्नति तथा प्रविधि हस्तान्रण तर्फ :**

१. आवश्यकता पहिचान तथा व्यवसायिक परामर्श कार्यक्रम ,

२. व्यवसाय सुधार तालिम तथा वस्तुको बजारीकरणमा सहयोग ,

३. आवश्यकता पहिचानको आधारमा स्तरोन्नति सीप विकास तालिम ,

४. आवश्यकता पहिचानको आधारमा प्रविधि हस्तान्तरण ,

५. लघु कर्जा समन्वय कार्यक्रम ।

**आ.व २०८१/०८२ मा विनियोजित बजेट तथा खर्च**

नेपाल सरकारबाट विनियोन भएको रकम रु १२,००,००० / नगरपालिकाबाट रु.५००,०००/

नयाँ उद्यमी सिर्जना तर्फ खर्च भएको रकम रु.७६०,५१०.९४/

पुराना उद्यमीको स्तर उन्नति तर्फ खर्च भएको रकम रु . १९९,२६५/

पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण तर्फ खर्च भएको रकम रु. १२०,०००/

उद्यम विकास सहजकार्ता तलव तथा पोसाकमा खर्च भएको रकम रु. ३६६,०२०/

जम्मा खर्च भएको रकम रु. १,४४५,७९५.९४।

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अर्न्तगत नयाँ उद्यमी सिर्जना गर्दा निम्न शिर्षकमा निम्नानुसार खर्च भएको छ ।

| क्र.स | विवरण | वास्तविक लागत |
|---|---|---|
| क | सामाजिक परिचालन | ३५,०१५/ |
| | (१.) वडा स्तरीय अभिमुखिकरण | |
| | (२.) सहभागिता मुलक ग्रामीण लेखाजोखा (पि.आर.ए) | |
| | समूह गठन | |
| ख | उद्यमशीलता विकास तालिम | १०३,५८५/ |
| ग | सीप विकास तालमि | ४००,०६८.९८/ |
| घ | लघू वित्तमा पहुँत | ४०,९१५/ |

| | | |
|---|---|---|
| ङ | उपयुक्त प्रविधिमा पहुँच | १५१,४२६.९६/ |
| च | कीट व्याग तथा लघु उद्यम विकास मोडल खरीद | ९,५००/ |
| छ | उद्यम विकास समिति भत्ता | २०,०००/ |
| | जम्मा | ७६०,५१०.९४ |

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ( मेड्पा ) अर्न्तगत भईरहेका उद्यमीहरुका लागि पुनर्ताजगी तथा स्तर उन्नति एड्भान्स तालिम संचालन गर्दा निम्नानुसार खर्च भएके छ :

| क.स | विवरण | खर्च |
|---|---|---|
| क | स्तरोन्नति तथा पुनताजगी तालिम | १९९,२६५/ |

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मेड्पा अर्न्तगत समूहमा प्रविधि हस्तान्तरणमा निम्नानुसार खर्च भएको छ ।

| क.स | विवरण | खर्च |
|---|---|---|
| क | समूहमा प्रविधि हस्तान्तरण | १२०,०००/ |

## आ.व २०८१/०८२ मा लक्ष्य अनुसारको प्रगति

नयाँ उद्यमी सिर्जना तर्फ ३० जना लक्ष्य

सिर्जना भएका उद्यमीहरु ५७ जना

| क.स | क्रियाकलाप | लक्ष्य | उपलब्धि |
|---|---|---|---|
| १ | मेडपा अभिमुखिकरण कार्यक्रम संचालन | १ स्थानमा | २६ जना बिच सम्पन्न |
| २ | पि.आर ए संचालन | १ स्थानमा | ४१ जना बिच सम्पन्न |
| ३ | समूह गठन | १ वटा | ४१ जना विच सम्पन्न |
| ४ | उद्यमशीलता विकास तालिम | १ स्थानमा | ४१ जना विच सम्पन्न |
| ५ | सीप विकास तालिम | २ स्थानमा | ५७ जना विच सम्पन्न |
| | छोटो अवधिको सिप विकास तालिम ( ५ देखि १५ दिन सम्म) | ३४ जना | केरा फाईबर निकासी,गड्यौला मल उत्पादन तथा महिलाहरुका लागि हस्तकला प्रशिक्षण तालिम |
| | छोटो अवधिको सिप विकास तालिम ( ५ देखि १५ दिन सम्मको) | २३ जना | |
| ६ | लघु वित्तमा पहुँच तालिम | १ स्थानमा | ३४ जना विच सम्पन्न |

| | | | |
|---|---|---|---|
| ७ | उपयुक्त प्रविधिमा पहुँच | १स्थानमा | ३४ जना विच सम्पन्न |

स्तर उन्नति तर्फ २० जना लक्ष्य रहेको

| क.स | विवरण | लक्ष्य | उपब्धि |
|---|---|---|---|
| १ | पुनर्ताजगी तथा एड्भान्स सिलाई कटाई तालिम ( वडा नं ७ मा ) | २० जनाको | २० जना |

पुराना उद्यमीहरुलाई प्रविधि हस्तान्तरण १७ जनाको १ वटा समूहलाई मुढा बनाउन सहजहोस भनि मध्यवन्दि नगरपालकिा वडा नं ३ ब्रह्म स्थनको ब्रह्मस्थान लघु उद्यमी समूहमा प्रविधि हस्तान्तरण गरियो ।

**<u>कार्यप्रगति आ.व २०८१/०८२</u>**

२. ३ वटा वडामा गरि नयाँ तथा पुराना उद्यमीहरुले आफ्नो व्यवसाय सुरु तथा सुधार गरी तालिम प्याकेज प्राप्त गरी व्यवसायिक सचेतना सम्बन्धि ज्ञान तथा सिप प्राप्त गरेका ।

३.कार्य क्षेत्रका १ स्थानमा ४० जना बिच सहभागिता मुलक लेखाजोखा सम्पन्न भई लक्षित बर्गको छनोट गरी सफल भएको ।

४ .५७ जनालाई मागमा आधारित सिप विकास तालिम प्रदान गरी उनीहरुले व्यवसाय संचालन गर्न सफल भएको ।

५. १ वटा नयाँ र १ वटा पुराना उद्यमीहरुको समूहमा प्रविधि सहयोग गनूको साथै पुराना १ वटा समूहमा गरी २० जना उद्यमीहरुलाई स्तरोन्नति तालिम प्रदान गरिएको ।

६. विभिन्न समस्याहरुबाट जुधिरहेका ९२ जना नयाँ तथा पुराना उद्यमीहरुलाई व्यवसायिक योजना निमार्ण तथा लघुवित्तमा पहुँच प्रदान गरि उद्यमीहरुको व्यवसाय प्रवर्द्धनमा सहयोग पुर्यायने कार्य सम्पन्न भएको ।

**तयारीकर्ता**
**दक्षीणा पौडेल**
**उद्यम विकास सहजकर्ता**

# रोजगार सेवा केन्द्र वार्षिक प्रगति प्रतिवेदनको

नेपालको संविधान धारा ३३ को रोजगारिको हक सुनिश्चितताको लागि नेपाल सरकारले ल्याएको प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत मध्यविन्दु नगरपालिकाका सुचीकृत बेरोजगार व्यक्तिहरुले न्युनतम १०० दिनको रोजगारीको प्रत्याभुति गर्दै वडाहरुमा वडाहरुमा आवश्यकता अनुसार श्रममुलक योजनाहरुको कार्यान्वयन गर्दै आ.व. २०८१/८२ मा ६५ जना सुचिकृत बेरोजगारीले कुल ५४७८ दिन रोजगारीमा संलग्न भई प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रत्यक्ष लाभांम्बित भएका छन्।जसलाई निम्नलिखित रुपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

१. वार्षिक कार्यक्रमका उद्देश्य

- ६८ जनालाई १०० दिनको रोजगारी
- प्रधानमन्त्री रोजगार कार्यक्रमका बारेमा श्रमिकहरुलई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने
- वैदेशीक रोजगारीमा जाने व्यक्तिको पुन श्रम स्वीकृतीको लागि अनलाईन सेवा उपलब्ध गराउने।
- वैदेशीक रोजगारीमा क्रममा अंगभंग,बिरामी आदि भएका व्यक्ति तथा परिवारलाई वैदेशीक रोजगार बोर्डबाट प्राप्त हुने आर्थिक सहायताको एंव शैक्षिक छात्रबृत्तिको लागि सहजीकरण समन्वय तथा परामर्श सेवा प्रदान गर्ने।

२. विद्यमान अवस्था (शाखासँग सम्बन्धित तथ्यांक एवम् सूचनाहरू प्रस्तुत गरी विश्लेषण गर्ने)

| सि.न. | विवरण | लाभांन्भित संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | सुचिकृत बरोजगारी | | | ७४३ | |
| २ | रोजगारीमा संलग्न | | | ६५ | |
| ३ | अनलाइन श्रम स्वीकृती | ८ | २७१ | २७९ | |
| ४ | वैदेशिक रोजगार बोर्डबाट सहायताको लागी सिफारिस | | | १८ | |

➢ शाखासंग सम्बन्धित कानूनहरु (ऐन, नियम, निर्देशिका, कार्यविधि, कार्यान्वयन पुस्तिका, मापदण्ड आदि)

- रोजगारीको हक सम्बन्धी ऐन २०७५
- रोजगारीको हक सम्बन्धी नियमावली २०७५
- प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका २०७५

➢ वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति (ससर्त र नगरतर्फका कार्यक्रम वा क्रियाकलाप अनुसार छुट्याएर तालिकामा प्रस्तुत गर्ने) -रु हजारमा

| सि.नं. | क्रियाकलापको नाम | वार्षिक बजेट | इकाइ | भौतिक | | | वित्तीय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| १ | रोजगारी सिर्जना | १८२२ | | | | | १०१२.६८ | ५५.५८ |
| २ | रोजगारी सिर्जना | २६७२ | | | | | २६४७.२८ | ९९.०७ |

➢ समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु (असल अभ्यास तथा नवप्रर्वतनात्मक कार्यक्रमहरु बुँदागत रूपमा, फोटो सहित प्रस्तुत गर्ने)

➢ प्रमुख चुनौतीहरु

➢ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत एकै किसिमको श्रमिक ज्याला दर ६६८ रहेको छ । जुन ज्याला हाम्रो मध्यबिन्दु नगरपालिका को ज्याला दर भन्दा निकै कम रहेकोले श्रमिक मा योजना प्रतिको आकर्षण घटेको छ ।

➢ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचालन तथा व्यवस्थापन) कार्यविधि अनुसार यस आयोजना अन्तर्गत बिनियोजित रकम सत प्रतिशत श्रमिकमा खर्च गर्नु पर्ने हुँदा कार्यक्रम लाई आवश्यक पर्ने समाग्री र औजारलाई नगरपालिका र वडास्तरिय रकम अनिवार्य छुट्याउनु पर्ने बाध्यता रहिआएको छ।

# भवन तथा बस्ती विकास शाखा

## १) पृष्ठभूमि

**भवन तथा बस्ती विकास शाखा**को मुख्य उद्देश्य नगरपालिकाभित्र योजना अनुसारको सुरक्षित, व्यवस्थित र दिगो बस्ती विकास सुनिश्चित गर्नु हो। यस शाखाले सहरीकरण, बस्ती विकास तथा आवाससँग सम्बन्धित नीति, कार्यविधि, मापदण्ड र कानुनी रूपरेखा निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ। साथै, शाखाले नगरक्षेत्रभित्रको अव्यवस्थित बसोबास व्यवस्थापन गर्न दीर्घकालीन योजना तर्जुमा गर्दै आधारभूत आवास सुविधा विस्तारको लागि संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालासँग समन्वय गर्दछ। शाखाले ऐतिहासिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वका स्थलहरू, स्मारक, संरक्षण तथा उपयोग योजना बनाउने कार्य पनि गर्दछ। नगरक्षेत्रमा निर्माण गरिने निजी तथा सार्वजनिक भवनहरूको लागि भवन निर्माण नक्सा स्वीकृति, निर्माण कार्यमा राष्ट्रिय भवन संहिता पालना गराउने, तथा जोखिमयुक्त संरचनाहरूको अनुगमन र व्यवस्थापन समेत शाखाको जिम्मेवारीमा पर्दछ।

यसबाहेक, सरकारी भवन, विद्यालय, स्वास्थ्य संस्था, सामुदायिक भवन, सार्वजनिक शौचालय तथा अन्य पूर्वाधारहरूको मर्मत सम्भार, पुनर्निर्माण तथा नयाँ निर्माण कार्यको योजना, डिजाइन र कार्यान्वयनमा पनि शाखाको सक्रिय सहभागिता रहन्छ। सहरी पूर्वाधार विकास, खुला स्थान संरक्षण, तथा वातावरणमैत्री निर्माण प्रविधिको प्रवर्द्धनसमेत शाखाले प्राथमिकताका साथ अघि बढाएको छ।

## २) वार्षिक कार्यक्रमका उद्देश्यहरू:

- **आवास र बस्ती विकासमा सुधार**: योजनाबद्ध र व्यवस्थित बसोबासको प्रवर्द्धन गर्दै नगरभित्रका आव्यबस्थित बसोबास क्षेत्रहरूको व्यवस्थापन र पुनर्विकास।
- **भवन निर्माणमा कानुनी तथा प्राविधिक मापदण्डको पालना**: राष्ट्रिय भवन संहिता तथा मापदण्डको पालना गर्दै भवन निर्माण अनुमतिका नक्साहरू स्वीकृति र नियमनको कार्यान्वयन।
- **भवन निर्माणका लागि खरिद र निर्माण व्यवस्थापन:** सरकारी तथा सामुदायिक भवन निर्माणका लागि दक्ष जनशक्ति, सामग्री खरिद तथा निर्माण प्रक्रिया प्रभावकारी रुपमा व्यवस्थापन गर्दै लागत र गुणस्तरमा ध्यान दिने।
- **सार्वजनिक संरचनाहरूको विकास र मर्मत सम्भार**: सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण, मर्मत तथा व्यवस्थापन।

### ३) विद्यमान अवस्था

नगरपालिकाको योजना तथा विकास कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने कार्यमा भवन तथा बस्ती विकास शाखा सक्रिय रूपमा संलग्न रहँदै आएको छ। शाखाको वर्तमान अवस्थाको विश्लेषण गर्दा निम्न विवरणहरू स्पष्ट रुपमा प्रस्तुत गर्न सकिन्छ।

- **निर्माण कार्य**:
  - चालु आर्थिक वर्षमा नगरपालिकाले नगर अस्पताल, नमुना प्रयोगशाला, विद्यालय भवन, पुस्तकालय, स्थानीय बिक्री केन्द्र, सभागृह तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण कार्य सफलतापूर्वक सम्पन्न गरेको छ।
  - ३३ वटा नयाँ भवनहरूको नक्सा स्वीकृतिको लागी आबेदन दर्ता भएको छ भने, २१ वटा भवनको निक्सा स्वीकृत गरिएको छ ।
- **आवास व्यवस्थापन**:
  - आवास ब्यबस्थापनको लागी सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन गरिएको छ, जसमा १६९ घर निर्माणका लागि सम्झौता भएकोमा १४९ घरहरूको निर्माण कार्य सम्पन्न भइसकेको छ।
  - जनता आवास कार्यक्रम मार्फत वडा ३,४,७,८,१०,१२,१५ मा जम्मा १६ वटा आवासमा जस्ता पाता वितरण गरिएको छ।
- **समन्वय**:
  - भवन र बस्ती विकासका कार्यमा स्थानीय तथा प्रदेश सरकारसँगको समन्वयलाई थप मजबुत पारिएको छ, जसले शहरी विकास र भवन निर्माणका परियोजनाहरूमा सहकार्य र स्रोतको सदुपयोग गरेको छ।

### ४) शाखासँग सम्बन्धित कानूनहरू

- स्थानीय सरकार सञ्चालन ऐन-२०७४
- राष्ट्रिय भवन निर्माण आचार संहिता
- मध्यबिन्दु बस्ती विकास तथा भवन निर्माण मापदण्ड-२०७८
- मध्यविन्दु नगरपालिका पूर्व निर्मित भवन नियमित तथा अभिलेखीकरण कार्यविधि, २०८१
- सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि-२०७५
- जनता आवास कार्यान्वयन कार्यविधि-२०८१
- सार्बजनिक खरिद ऐन २०६३
- सार्बजनिक खरिद नियमावोली २०६४

### ५) वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति

| सि.नं. | क्रियाकलापको नाम | वार्षिक बजेट | इकाइ | भौतिक | | | वित्तीय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| १. | १५ शैया अस्पताल ,वडा नं ०७ | १७५६०० | वटा | | | ८७.१७ | | ५०.६१ |
| २. | सभा हल निर्माण,वडा नं १० | ११२०० | वटा | | | १०० | | ९३.४९ |
| ३. | नमुना प्रयोगशाला | ३१३१ | वटा | | | १०० | | ९६ |

### ६) समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरू

**१. सौन्दर्यपूर्ण भवनहरूको निर्माण:**

**अरुणखोला सभाहलमा नेवारी संस्कृति झल्किने सभाहल निर्माण सम्पन्नः** अरुणखोला क्षेत्रमा नेवारी वास्तुकलामा आधारित सभाहलको निर्माण सम्पन्न भएको छ। झण्डै ३५० जना क्षमताको यो सभाहलले सांस्कृतिक कार्यक्रम, सभा, र समुदायगत भेलाहरूको लागि उपयुक्त स्थलको रुपमा उपयोग हुने अपेक्षा गरिएको छ।

**१५ शैय्याको अस्पताल भवनः** वडा नम्बर ७ मा निर्माण गरिएको १५ शैय्याको आधुनिक अस्पताल भवन नगरपालिकाका लागि महत्वपूर्ण उपलब्धि हो।भवनको आकर्षक डिजाइन, सुविधाजनक संरचना, र वातावरणमैत्री प्रविधिहरूको प्रयोगले अस्पताललाई आधुनिक मापदण्ड अनुसारको बनाएको छ।

**ब्राम्हस्थान पार्कमा संरचना निर्माण तथा बोटबिरुवा रोपण सम्पन्नः** शहरी सौन्दर्य र हरियाली अभिवृद्धि गर्ने उद्देश्यले ब्राम्हस्थानमा पार्क संरचना निर्माण तथा विभिन्न प्रजातिका बोटबिरुवा रोपण कार्य सम्पन्न गरिएको छ।यसले स्थानीयवासीको विश्राम, मनोरञ्जन प्रवर्द्धनमा टेवा पुऱ्याउनेछ।

**चोरमारा कभर्ड हल निर्माण सम्पन्नः**

नगरपालिकाको चोरमारा क्षेत्रमा आधुनिक सुविधा सम्पन्न कभर हलको निर्माण कार्य पूर्ण भएको छ। यस कभर्ड हलले विभिन्न खेलकुद गतिविधि तथा सभा—सेमिनार सञ्चालनका लागि उपयोगी भूमिका खेल्नेछ।

**नगर अस्पताल अगाडिको पार्क निर्माण कार्य सुरुः**

नगर अस्पताल अगाडि बालबालिका, युवा तथा वृद्ध—वृद्धाको लागि उपयुक्त हुनेगरी पार्क निर्माण कार्य आरम्भ गरिएको छ। निर्माण सम्पन्न भएपछि यो स्थान सवै उमेर समूहका नागरिकका लागि मनोरञ्जन तथा सामाजिक अन्तरक्रिया केन्द्र बन्ने अपेक्षा गरिएको छ।

**२. भवन निर्माणमा कानुनी मापदण्डको पालना (नक्सा पास गर्नेको संख्या वृद्धि)**:

- **नक्सा पास गर्ने व्यक्तिहरूलाई नगरपालिका नियमहरूको पालना गर्न प्रेरित गर्नु**: नगरपालिका नियम र उपनियमको पालना गर्न नक्सा पास प्रक्रियामा संलग्न घरधनीहरूलाई प्रशिक्षित र सचेत बनाइएको छ। परिणामस्वरूप, नक्सा पास गर्नेको संख्या बृद्धि भएको छ, जसले नगरपालिकामा योजनाबद्ध र सुरक्षित भवनहरूको निर्माणमा सहयोग पुऱ्याएको छ।

**३. नवप्रवर्तनात्मक कार्यक्रमहरू:**

- **आर्किटेक्चर र डिजाइनमा नवप्रवर्तन**: नगरपालिका द्वारा निर्माण गरिएका भवनहरूको आर्किटेक्चर र डिजाइनमा नवप्रवर्तन ल्याउँदै वातावरणमैत्री र ऊर्जा दक्ष भवन निर्माणमा जोड दिएको छ।

**७) प्रमुख चुनौतीहरू:**

➢ **कामको गुणस्तरमा सुधार गर्न समस्याः**

- निर्माण परियोजनाहरूमा प्राविधिक मापदण्ड पालना गर्न कठिनाइः निर्माणमा संलग्न ठेकेदार र कामदारहरूबाट अपेक्षाकृत गुणस्तरीय काम नहुनु। यसले गर्दा निर्माणको गुणस्तरमा समस्या उत्पन्न भएको छ।

- दक्ष जनशक्ति र आवश्यक स्रोतसाधनको अभावः उच्च गुणस्तरीय कामका लागि आवश्यक दक्ष प्राविधिक जनशक्ति, आधुनिक उपकरण र अन्य स्रोतहरू सीमित छन्, जसले गुणस्तर सुधारमा अवरोध सिर्जना गरेको छ।

➢ **समयमै योजना सम्पन्न गर्न नसकिनुः**

- **वित्तीय र प्राविधिक समस्या**: निर्माण सामग्रीको उपलब्धता, बजेटको समयमा उपलब्ध नहुनु, र अन्य ढिलासुस्तीले योजनाबद्ध समयसीमाभित्र परियोजनाहरू पूरा गर्न कठिनाइ भएको छ।

➢ **नक्सा पास गरी भवन निर्माण गर्नेको संख्या वृद्धि गर्न नसकिएकोः**

- **जागरुकताको अभाव**: भवन निर्माण नक्सा पास गर्नुपर्ने कानुनी मापदण्डबारे नागरिकहरूमा पर्याप्त जागरुकता नभएको कारण नक्सा पास गर्नेको संख्या अपेक्षाकृत कम छ।
- **प्राविधिक र प्रक्रियागत जटिलता**: भवन निर्माण अनुमति प्राप्त गर्ने प्रक्रिया केही नागरिकहरूका लागि जटिल र समय लाग्ने देखिएकाले यो प्रक्रियामा प्रवेश गर्न अनिच्छुक हुन सक्छन्।
- **निर्माण मापदण्ड पालनामा चासोको कमी**: नक्सा पास गर्ने र कानुनी मापदण्डको पालना गर्नेमा नागरिकहरूको चासो बढाउन चुनौतिपूर्ण भएको छ। धेरैजसो नागरिकहरू मापदण्ड नपुर्याइकन अनौपचारिक रूपमा निर्माण गर्न सरल र सहज मानेको पाईएको छ ।

# भूमि इकाईको वार्षिक प्रगति प्रतिवेदन

- पृष्ठभूमिः भूमि प्रकृतिप्रदत्त सम्पदा हो ।यो मानवजातिका लागि गाँस,बास,कपासजस्ता जीवनका आधारभूत आवश्यकता पूरा गर्ने मुख्य स्रोत हो ।यो कृषि तथा खाद्य उत्पादन,उद्योगधन्दा कलकारखानाका विभिन्न कच्चा पदार्थ उत्पादनका साथै मानव जीवन र जीविकाको अधिकांश दैनिक क्रियाकलापहरुको मुख्य थलो हुनुका साथै समृद्धिको आधार पनि हो ।

  नेपालको संविधानमा प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक,आवासको हक जस्ता संवैधानिक हकको व्यवस्था छ ।ती हकलाई लागु गर्न नेपाल सरकारद्धारा गठित भूमि आयोगसँगको समन्वयमा नगरभित्रका भूमिहीन तथा अव्यवस्थित बसोबासीको पहिचान र लगत सङ्कलन तथा अभिलेख व्यवस्थापन गर्ने, आयोगसँगको समन्वयमा भूमिहीन तथा अव्यवस्थित बसोवासीले भोगचलन गरेको ऐलानी जग्गा नापजाँच गर्ने ,नगर भित्रका सार्वजनिक तथा सरकारी जग्गाको संरक्षण गर्ने साथै नगर क्षेत्रको भूउपयोग नीति,योजना,कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने यस भूमि इकाईको प्रमुख जिम्मेवारी तथा कार्यक्रम हुन ।

  वार्षिक कार्यक्रमका उद्देश्यः वार्षिक कार्यक्रमका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन ।

  - भूमिहीन तथा अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने ।
  - भूमिसम्बन्धी बहुआयामिक समस्या समाधान गर्न योगदान गर्ने ।
  - भूउपयोग योजनाको कार्यान्वयन गर्ने ।

- विद्यमान अवस्थाः यस भूमि इकाईको विद्यमान अवस्था यस प्रकार छः

भूमिहीन तथा अव्यवस्थित बसोबासीको प्रणालीमा लगत प्रविष्टी करिब सकिएको छ । वडा नं.१ का ७ भूमिहीन दलित,१२ भूमिहीन सुकुम्बासी र ५४६ अव्यवस्थित बसोबासी गरी जम्मा ५६५ परिवारको नापनक्साको सम्पूर्ण कार्य सकि आवश्यक कार्यका लागि भूमि समस्या समाधान आयोग जिल्ला समिति नवलपरासी(ब.सु.पू.)मा विवरण पठाईएको छ।

- भूमि इकाईसंग सम्बन्धित कानूनहरु
  - नेपालको संविधान
  - भूमि सम्बन्धी ऐन,२०२१
  - भूउपयोग ऐन,२०७६
  - भूउपयोग नियमावली,२०७९
  - राष्ट्रिय भूमि आयोग गठन (दोश्रो संशोधनसमेत) आदेश,२०८१

- भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि,२०८१
- भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार र

मापदण्ड,२०८१

- विगतका आयोग,समिति र कार्यदलका बाँकी काम सम्पन्न गर्ने सम्बन्धी कार्यविधि,२०७८
- भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धी

कार्यविधि,२०८१

- वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति

-रु

हजारमा

| सि.नं. | क्रियाकलापको नाम | वार्षिक बजेट | इकाइ | भौतिक | | | वित्तीय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| १ | भूउपयोग योजना अध्यावधिक | १५० | | | | | ६४.४ | ४२.९३ |
| २ | स्टेशनरी तथा मसलन्द | १०० | | | | | १०० | १०० |
| ३ | कर्मचारी तलब | १४०० | | | | | १३६०.७० | ९७.१९ |
| ४ | सवारी साधन भाडा | ६०० | | | | | ६०० | १०० |
| ५ | अनुगमन भत्ता दैनिक भ्रमण भत्ता | १५० | | | | | ७१.३९ | ४७.६० |
| ६ | विविध | १०० | | | | | १०० | १०० |
| ७ | बैठक भत्ता | १५० | | | | | ४५ | ३० |
| ८ | फिल्ड भत्ता /खाना खाजा खर्च | ५०० | | | | | ३४४ | ६८.८० |
| जम्मा | | ३१५० | | | | | २६८५.५० | ८५.२५ |

- समग्र कार्यक्रमका प्रमुख उपलब्धिहरु
  - वडा नं.१ का ७ भूमिहीन दलित, १२ भूमिहीन सुकुम्बासी र ५४६ अव्यवस्थित बसोबासी गरी जम्मा ५४६ घर परिवारको सम्पूर्ण कार्य सम्पन्न गरी दर्ता प्रकृयाका लागि आयोगको जिल्ला समितिमा विवरण पठाईएको ।
  - भूमि समस्या समाधान आयोग जिल्ला समितिसँगको समन्वयमा वडा नं.८ र १५को ऐलानी जग्गा नापजाँच सम्पन्न भई र वडा नं.११ को चलिरहेको छ ।आ.व.२०८१/०८२मा वडा नं.८ को ६२ हेक्टर र वडा नं.१५ को १२० हेक्टर र वडा नं.११ को ८७ हेक्टर गरी कुल २६९ हेक्टर नापजाँच सम्पन्न भएको छ जसमा ९४ भूमिहीन दलित,१३२ भूमिहीन सुकुम्बासी र २५०७ अव्यवस्थित बसोबासी गरी जम्मा २७३३ घर परिवारको ४०३९ कित्ता छन् ।नापजाँच भएको सबै जग्गाको डाटाबेस समेत तयार भएको छ।

- प्रमुख चुनौतीहरुः
  - ऐलानी जग्गा समेत नभएका वास्तविक भूमिहीनको व्यवस्थापन गर्नु।
  - मध्यवर्ती क्षेत्रमा रहेका भूमिहीन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्नु।
  - जग्गा नापजाँचमा प्रभाव तथा दबाब राख्न खेज्नु ।
  - राजनीतिक हस्तक्षेप हुने गरेको ।

# सामाजिक सुरक्षा तथा पञ्जीकरण इकाइको वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमि

विश्वका हरेक राष्ट्रको प्रमुख ध्येय नागरिकहरुको व्यक्तिगत पहिचान सहित सुरक्षा र हक हितको प्रवर्द्धन गर्नु हो । राज्यका प्रत्येक नागरिकलाई राज्यबाट प्रदान गरिने सेवा-सुविधा सरल, सहज र प्रभावकारी रुपमा जवाफदेही र उत्तरदायित्वका साथ प्रदान गर्न नागरिकहरुको प्रशासनिक तथा जनसंख्यिक अभिलेख व्यवस्थापन गरिनु जरुरी छ जुन राज्यको सार्वजनिक प्रशासनको आधारस्तम्भको रुपमा रहेको हुन्छ ।

व्यक्तिको व्यक्तिगत जीवनमा जन्मदेखि मृत्युसम्मको अवधिका घट्ने जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँसराइ जस्ता व्यक्तिका घटनाहरुलाई स्थानीय पञ्जिकाधिकारी समक्ष निवेदन दिई दर्ता गराउने र सम्बन्धित घटनाको प्रमाणपत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।र हाल अनलाई प्रणाली मार्फत दर्ता कार्य भइरहेको छ । विश्वका कुनै पनि लोक कल्याणकारी राज्यले आफ्नो क्षमता अनुसार आफ्ना नागरिकहरुको सुरक्षा तथा संरक्षण गर्नुपर्दछ भन्ने मान्यता अनुरुप सामाजिक सुरक्षाको अवधारणा विकास भएको हो । हाल सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ प्रणाली मार्फत भइरहेको छ ।

## २. उद्देश्य

- व्यक्तिगत घटना दर्ता व्यवस्थापन सूचना प्रणाली मार्फत घटना दर्तालाई व्यवस्थित गराउने ।
- व्यवस्थापन सूचना प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण व्यवस्थित गराउने ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता एवम् अभिलेखहरु व्यवस्थापन गर्ने ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता आईडी व्यवस्थापन तथा वडा संग समन्वय तथा सहजिकरण गर्ने ।

## ३. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी कानूनी व्यवस्थाहरु

- नेपालको संविधान
- मुलुकी देवानी संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता,२०७४

- जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) ऐन,२०३३
- जन्म, मृत्यु तथा अन्य घटना (दर्ता गर्ने) नियमावली, २०३४
- जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) (दोस्रो संसोधन) नियमावली, २०७५
- सामाजिक सुरक्षा ऐन, २०७५
- राष्ट्रिय-परिचयपत्र-तथा-पञ्जीकरण-ऐन-२०७६
- सामाजिक-सुरक्षा-नियमावली-२०७६
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७
- राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण( पहिलो संशोधन) नियमावली,२०७८

४. वार्षिक कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति -हजारमा

| सि.नं. | क्रियाकलापको नाम | वार्षिक बजेट | इकाइ | भौतिक | | | वित्तीय | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | लक्ष्य | प्रगति | प्रगति % | वार्षिक खर्च | खर्च % |
| १ | वायोमेट्रिक भेरिफिकेसन उपकरण खरिद | ३०० | पटक | १ | १ | १०० | २९३.८ | ९७.९३ |
| २ | वडा सचिव तथा जनप्रतिनिधीहरुलाई घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण | १०० | पटक | १ | १ | १०० | २८.३९५ | २८.३९ |
| ३ | राष्ट्रिय परिचयपत्र समन्वय तथा सहजीकरण | १०० | पटक | १ | १ | ० | ० | ० |
| जम्मा | | ५०० | | | | | ३२२.१९५ | ६४.४३९ |

५. उपलब्धिहरु

# सामाजिक सुक्षा भत्ता प्रगति प्रतिवेदन

| सामाजिक सुरक्षा भत्ता किसिम | प्रथम चौमासिक | | दोस्रो चौमासिक | | तेस्रो चौमासिक | | चौथोचौमासिक | |
|---|---|---|---|---|---|---|---|---|
| | वितरण संङ्ख्या | वितरण रकम | वितरण संङ्ख्या | वितरण रकम | वितरण संङ्ख्या | वितरण गरेको रकम | वितरण संङ्ख्या | वितरण को रकम |
| अन्य जेष्ठ नागरिक भत्ता | ३८२६ | ४५६३०००९ | ३८६२ | ४६१२६५१० | ३८९६ | ४६३१०२६६ | ४०४५ | ४८०५३४०३ |
| जेष्ठ नागरिक भत्ता (दलित) | २१९ | १७०७७२० | २२० | १७३७३३५ | २२१ | १७३४७६३ | २१८ | १६९९७४० |
| जेष्ठ नागरिक एकल महिला | ५४० | ४२९३२४० | ५३७ | ४२७७१०३ | ५२८ | ४२०८०३१ | ४७२ | ३७५९१८१ |
| जेष्ठ नागरिक क्षेत्र तोकिएका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विधवा | ९२७ | ७३३६२८० | ९५५ | ७५१००६७ | ९७५ | ७७२९९६० | १००१ | ७८९७४५४ |
| पूर्ण अपाङ्गता भत्ता | १५५ | १८३१६७६ | १५६ | १८५५६१६ | १५९ | १८८७१९७ | १५९ | १८९१५२६ |
| अति अशक्त अपाङ्गता भत्ता | ५०१ | ३१६६४६४ | ५०७ | ३२१९६६४ | ५०५ | ३२०५०४३ | ५०४ | ३२०४७६८ |
| क्षेत्र तोकिएका बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| लोपन्मूख बालबालिका | ० | ० | ० | ० | ० | ० | ० | ० |
| दलित बालबालिका | ३०३ | ४६५९५१ | ३१२ | ४७३८८४ | ३१३ | ४८३०६७ | ३१५ | ४८९६७५ |
| लोपन्मुख जाति | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ६४७१ | ६४४३१३४० | ६५४९ | ६५२००१७९ | ६५९७ | ६५५५८३२७ | ६७१४ | ६६९९५७४७ |

व्यक्तिगत घटना दर्ता वार्षिक प्रगति प्रतिवेदन

| वडा नं. | जन्म | मृत्यु | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | बसाई सरी जाने | बेवारिसे | जम्मा |
|---|---|---|---|---|---|---|---|---|

| | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | पुरूष | महिला | तेश्रो लिङ्ग | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २९ | २२ | | ५१ | १७ | ११ | | २८ | ५ | ३४ | १९ | ५१ | १३ | २७ | | १५० |
| २ | ४० | २६ | | ६६ | १० | ५ | | १५ | ५ | ४० | ९ | १९ | १७ | ५६ | | १५२ |
| ३ | २८ | २३ | | ५१ | ७ | ४ | | ११ | ७ | ३३ | १० | १८ | ८ | १९ | | १२० |
| ४ | २७ | २१ | | ४८ | ९ | ९ | | १८ | ७ | ३२ | ११ | २३ | १५ | ३९ | | १३१ |
| ५ | ३८ | ३० | | ६८ | ११ | १३ | | २४ | ७ | ३५ | २४ | ४३ | ८ | २४ | | १६६ |
| ६ | ३० | २६ | | ५६ | १४ | १४ | | २८ | २ | २४ | १६ | ४४ | १५ | २८ | | १४१ |
| ७ | ३३ | २७ | | ६० | १४ | १४ | | २८ | ८ | ४२ | २३ | ५७ | १८ | ५४ | | १७९ |
| ८ | १८ | १४ | | ३२ | २१ | ८ | | २९ | ७ | २८ | १६ | ३२ | ११ | २५ | | १२३ |
| ९ | २६ | २३ | | ४९ | ५ | ५ | | १० | ८ | २३ | १४ | ४२ | ६ | १६ | | ११० |
| १० | ४६ | ५४ | | १०० | ११ | २२ | | ३३ | ७ | ४८ | ३४ | ८६ | १४ | ३६ | | २३६ |
| ११ | ३७ | ४० | | ७७ | १५ | ९ | | २४ | ६ | ३५ | १४ | ३० | १५ | ३७ | | १७१ |
| १२ | ४७ | ७१ | | ११८ | १० | २० | | ३० | १६ | ६१ | २९ | ७४ | २७ | ६८ | | २८१ |
| १३ | २८ | १६ | | ४४ | ५ | ६ | | ११ | ५ | २२ | ५ | ८ | १४ | ३८ | | १०१ |
| १४ | ३० | २६ | | ५६ | ९ | ८ | | १७ | ४ | ३४ | ३ | ४ | ५ | १५ | | ११९ |
| १५ | ६२ | ५० | | ११२ | २६ | २९ | | ५५ | १० | ६५ | २२ | ४४ | १७ | ४७ | | २८१ |
| **जम्मा** | ५१९ | ४६९ | ० | ९८८ | १८४ | १७७ | ० | ३६१ | १०४ | ५५६ | २४९ | ५७५ | २०३ | ५२९ | ० | २४६१ |

प्रमुख चुनौतीहरु

- ❖ सामाजिक सुरक्षा भत्ता EFT मार्फत वितरण गर्न प्राविधिक समस्या भएको।

# मध्यविन्दु नगरपालिका
# जिन्सी/विपद व्यवस्थापन शाखा
# वार्षिक प्रगति समिक्षा कार्यक्रम
# आ.व. २०८१/०८२

जिन्सी शाखाको कार्यबिबरण (संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०७९ एवम् कार्यालयले तोकेको कार्यबिबरण बमोजिम)

जिन्सी श्रेस्ता प्रणाली (जिन्सी लेखा प्रणाली) सार्वजनिक प्रशासनको एक महत्वपूर्ण अंग हो । नेपाल सरकारको जिन्सी स्रेस्ता प्रणाली, २०२० साल देखि शुरू भएको हो । जिन्सी स्रेस्ता प्रणालीले सार्वजनिक मालसामान तथा सम्पत्तिको वास्तविक चित्र उतार्दछ । संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७९ र कार्यालयले तोकेको कार्य विवरण बमोजिम जिन्सी शाखाको काम, कर्तव्य र जिम्मेवारी तपसिल अनुसार रहेको छ ।

1. वार्षिक बजेट तथा कार्यक्रमले निर्दिष्ट गरेको बजेट अनुसार मालसामान खरिदको लागि प्रक्रिया अगाडि बढाउने ।
2. खरिद भइ आपूर्ति भएका मालसामानहरूको PAMS मा दाखिला गर्ने ।
3. माग अनुसार जिन्सी मालसामानहरूको हस्तान्तरण गर्ने ।
4. मर्मत सम्भार गर्नुपर्ने मालसामानहरूको मर्मत सम्भार गर्ने गराउने ।
5. सम्पूर्ण सार्वजनिक सम्पत्तिको उचित रेखदेख गर्ने गराउने ।
6. जीर्ण भएका जिन्सी मालसामानहरूको लिलाममा बढाबढको प्रक्रिया अनुसार लिलाम बढाबढको गर्ने गराउने ।
7. वार्षिक रूपमा जिन्सी निरीक्षण गराइ जिन्सी निरीक्षण प्रतिवेदन अध्यावधिक गर्ने गराउने।

## जिन्सी शाखासंग सम्बन्धित कानूनी व्यवस्थाहरु

- सार्वजनिक खरिद ऐन, २०६३,
- नियमावली, २०६४
- अन्य प्रचलित कार्यविधि, निर्देशिकाहरू
- PAMS (PUBLIC ASSEST MANAGEMENT SYSTEM) SOFTWARE

## जिन्सी शाखाको संरचना

| सि.नं. | पद | तह | कर्मचारीको नाम थर | कैफियत |
|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | नवौ | विपिन क्षेत्री | |
| २. | लेखा अधिकृत | आठौ | सुमनराज रेग्मी | |
| ३. | सहायक प्रशासकीय अधिकृत | छैठौ | विकास नरसिंह राणा | |
| ४. | कम्प्युटर अपरेटर | पाचौ | राजन लामा | |

# आ.व. २०८१/८२ को कार्यक्रम र प्रगति अवस्था

| सि. नं. | क्रियाकलापको नाम | वार्षिक बजेट | भौतिक प्रगति % | वित्तीय | |
|---|---|---|---|---|---|
| | | | | वार्षिक खर्च | खर्च % |
| १. | नवीकरणीय उर्जा प्रविधि जडान (सशर्त तर्फ) | ८००,०००/- | १०० | ७,९५,५२०/- | ९९.४४ |
| २. | विद्युतीय सामानहरू (कम्प्युटर+प्रिन्टर+व्याट्री इन्भर्टर + प्रोजेक्टर + एसी+ युपिएस+MCCB+Fire extinguisher+Digital concrete hammer+Microphone+ विद्युतीय सामानहरू आदि) | ३५,००,०००/- | १०० | ३१,१९,४६७/- | ९९.१३ |
| ३. | स्टेशनरी सामानहरू+ विविध पेपर तथा छपाइ+विविध मसलन्द सामानहरू | ८५,००,०००/- | १०० | ८४,५१,६२६/- | ९९.७३ |
| ४. | सवारी साधन खरिद | ३१०,०००/- | १०० | ३०४,९००/- | ९८.३५ |
| ५. | फर्निचर खरिद तर्फ | २५,००,०००/- | १०० | १२,८६,१५५/- | ५१.४४ |
| ६. | विविध सवारी साधन मर्मत | २२,००,०००/- | १०० | २१,९४,०००/- | ९९.७३ |
| ७. | सवारी साधन बिमा + नवीकरण | ७,००,०००/- | १०० | ४,०८,५११/- | ५८.३६ |
| ८. | मेसिनरी औजार तथा मर्मत | २५,००,०००/- | १०० | १५,४०,६७९/- | ६१.६३ |

विद्यमान अवस्था एवं प्रमुख उपलब्धिहरु

- विगतदेखि सञ्चित रहेको जीर्ण जिन्सी मालसामानहरूको लिलाम बिक्री रू.४५५,०००।– भ्याट सहित
- PAMS SOFTWARE कार्यान्वयन
- नयाँ खरिदलाई नियन्त्रण गरी मर्मत सम्भारलाइ प्राथमिकता दिइएको ।

## भवन तथा सवारी साधनहरूको विवरण

- **कार्यालय भवन संख्या -१८ वटा**

नगर कार्यपालिका भवन (ब्लक-क+ख) -२

सभाहल -१

कृषि सेवा केन्द्र -१

पशु विकास शाखा -१

वडा कार्यालय भवनहरू -१३

(वडा नं.-१,२,३,४,५,६,७, ८,९,१०,११,१२,१५)

- **सवारी सधान संख्या -४० थान**

| | |
|---|---|
| जे.सि.बी | -१ थान |
| ट्रिपर | -१ थान |
| जीप | -४ थान |
| मोटरसाइकल | -२८ थान |
| स्कुटर | -२ थान |
| ट्र्याक्टर | -३ थान |
| मिनी ट्रिपर (सवबहान) | -१ थान |
| **जम्मा** | **-४० थान** |

चुनौतिहरु

- बर्षेनी बढ्दो माग भए अनुसार आपूर्ति/पुर्ती गर्न कठिनाई ,

- मर्मत सम्भार गरी प्रयोग गर्नुपर्ने चिन्तनको अभाव

मूख्य समस्या

- खरिद कार्य गर्न पर्याप्त बजेटको अपुग,
- माग बमोजिम पूर्ति गर्न कठिनाइ,

जिन्सी शाखाको कार्यसम्पादनलाई प्रभावकारी बनाउन के गर्ने ? (ऐन, नियम, कार्यबिधि, मापदण्ड, नीतिगत निर्णय, जनशक्ति विकास, प्रणाली विकास र सुधार, समन्वय, व्यवहारगत पक्ष आदि)

- खरिद कार्यको लागि प्रयाप्त बजेट विनियोजित गर्नुपर्ने,
- स्टोर सु-व्यवस्थापनको लागि बजेट विनियोजन गर्नुपर्ने ,
- कार्यालय सम्बन्धी आवश्यक सम्पूर्ण ऐन, नियमका किताबहरू खरिद गरी व्यवस्थापन गर्नुपर्ने,
- मानव संसाधनको थप व्यवस्था गर्नुपर्ने आदि

धन्यवाद